लेखापरीक्षण प्रतिवेदन

सन्धिखर्क नगरपालिका, अर्घाखाँची

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सन्धिखर्क नगरपालिका, अर्घाखाँची

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/491

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,

सन्धिखर्क नगरपालिका, सन्धिखर्क नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँची ।

कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१.नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षण, पर्यटन पुर्वाधार विकास आयोजना, गरिबसंग विशेश्वर कार्यक्रम, सामाजिक विकास कार्यक्रम, राष्ट्रपति महिला सशक्तिकरण परियोजना र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको समेत गरी रु.२२ करोड ४८ लाख ९६ हजार सुत्रमा लेखाङ्कन गरेको छैन ।

२.नगरपालिकाको रु.२ अर्व १२ करोड ३१ लाख ९९ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड ९६ लाख ६३ हजार बेरुजू देखिएको छ।सो सम्बन्धमा रु.३ लाख ८४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.३७ लाख, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ४९ लाख २८ हजार, नियमित गर्नुपर्ने रु.२ लाख ४ हजार र पेश्की बाँकी रु.४ लाख ४७ हजार रहेको छ। गत वर्षसम्म सम्परीक्षण पश्चात रु.२ करोड १७ लाख १९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.४ करोड ९ लाख ९८ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.नगरपालिकाले आफु मातहत रहेको स्थिर सम्पत्तिको खुलासा गरेको छैन। सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेका कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने सन्धिखर्क नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत

आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी सन्धिखर्क नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६७	१९	१,९६,६३,३८२	०	५	३,८४,३४५	०	६७	१४	१,९२,७९,०३७	३७,००,४७९	२,०३,९८५	१,४९,२७,५७३	०	०	१,५१,३१,५५८	४,४७,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
अर्घाखाँची	३,७०,६१,०००	०	१,५३,४१,९४२	२,१७,१९,०५८	०	१,९२,७९,०३७	४,०९,९८,०९५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	१७	विज्ञापन करको बाडफाँड	८१,२००
२	२०८०/८१	२५.८	उपभोक्ता समितितर्फका योजनाहरु	३७,१४५
३	२०८०/८१	४८	मोबिलाईजेशन पेश्की	२,६६,०००
४	२०७९/८०	१४.१	पेश्की व्यवस्थापन	५,००,०००
५	२०७९/८०	३१	शिक्षा तर्फ	१३,६९,७५०
६	२०७९/८०	३५	उपभोक्ता समिति मार्फत तालिम	३,००,०००
७	२०७९/८०	४०	फरक योजनामा खर्च	२८,११,७९८
८	२०७९/८०	४७	रक गार्डेन संरक्षण	२६,६८,०००
९	२०७९/८०	४९	निर्मल ज्योती सुस्त मनस्थिति विद्यालय भवन निर्माण	१३,९२,१३४
१०	२०७८/७९	२९	सुरक्षित नागरिक आवास कार्यक्रम	३०,०००

११	२०७८/७९	३१.२	ठे.नं. ७।०७८।०७९ चुत्रावेसी-भक्तिटोला-धरम्पानी-अर्घा मैदान सडक स्तरोन्नति कार्य	२२,३७२
१२	२०७८/७९	३३.१	ठे.नं. ३९।२०७६।७७ गर्लाम अर्घा मैदान लिफ्ट खानेपानी योजना निर्माण कार्य	५,५८,४९१
१३	२०७८/७९	३४.३	खरिद व्यवस्थापन भुक्तानी	७,४४,१३६
१४	२०७८/७९	३६	गत वर्षको भुक्तानी	३२,१६,१५७
१५	२०७८/७९	३८.२	पदाधिकारी सुविधा	३९,२२४
१६	२०७७/७८	१८.४/१८.६	पदाधिकारी सुविधा	४,६२,२०२
१७	२०७७/७८	२३.१३	निर्माण कार्य व्यवस्थापन	१,८३,२०३
१८	२०७७/७८	३०.१ / ३०.४	नगरपालिका चालु	५,०४,४७५
१९	२०७७/७८	३६.२	शिक्षातर्फ	५,४०,०००
जम्मा				१,५७,२६,२८७

(८०५५१४०३३०० - सन्धिखर्क नगरपालिका, अर्घाखाँची)

परिचय

१ .

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १२ वडा रहेको छ भने क्षेत्रफल १२९.७२ वर्ग किलोमिटर तथा ४१९१७ जनसंख्या रहेको छ । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।१० देखि २०८१ ।५।१५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ जम्मा र २ अर्ब १२ करोड ३१ लाख ९९ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीय विवरण**

सन्धिखर्क नगरपालिका								
वित्तीय प्रतिवेदन								
आ.व. : २०८०/८१						म.ले.प.फा.नं. २७०-०१		
आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	सोझै भुक्तानी	जम्मा	नगद	सोझै भुक्तानी	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१२,६१,९३,१४३.०३	0	१२,६१,९३,१४३.०३	१३,६४,५८,७०५.२०	0	१३,६४,५८,७०५.२०
१३०००	अनुदान		६६,५७,१३,०८९.६६	0	६६,५७,१३,०८९.६६	७६,२९,९३,९९६.२३	0	७६,२९,९३,९९६.२३
१४०००	अन्य राजस्व		२,८९,३१,८०२.७५	0	२,८९,३१,८०२.७५	६५,३२,२८१.३५	0	६५,३२,२८१.३५
क	कुल जम्मा प्राप्ति		८२,०८,३८,०३५.४४		८२,०८,३८,०३५.४४	९०,५९,८४,९८२.७८		९०,५९,८४,९८२.७८
३	चालु		४८,३३,७०,५६२.००	0	४८,३३,७०,५६२.००	४४,८२,८५,०९०.४४	0	४४,८२,८५,०९०.४४
२१०००	पारिश्रमिक / सुविधा		३४,०४,३५,७०२.००	0	३४,०४,३५,७०२.००	३३,८६,५२,०७४.१८	0	३३,८६,५२,०७४.१८
२२०००	मालसामान तथा सेवाको उपयोग		८,०१,८४,३९२.००	0	८,०१,८४,३९२.००	६,१६,२५,५४४.८६	0	६,१६,२५,५४४.८६
२५०००	सहायता (Subsidy)		३५,०८,९५६.००	0	३५,०८,९५६.००	३,६०,०००.००	0	३,६०,०००.००
२६०००	अनुदान		५,५४,४४,७१३.००	0	५,५४,४४,७१३.००	४,४६,७९,५२१.४०	0	४,४६,७९,५२१.४०
२७०००	सामाजिक सुरक्षा		३२,३४,३४९.००	0	३२,३४,३४९.००	२१,७७,५९१.००	0	२१,७७,५९१.००
२८०००	अन्य खर्च		५,६२,४५०.००	0	५,६२,४५०.००	७,९०,३५९.००	0	७,९०,३५९.००
४	पूंजीगत		३३,९२,५४,००१.४३	0	३३,९२,५४,००१.४३	४९,३९,८२,७५१.३९	0	४९,३९,८२,७५१.३९
३१११०	भवन तथा संरचना		२,९५,८७,४२०.००	0	२,९५,८७,४२०.००	१०,४४,४०,०५५.००	0	१०,४४,४०,०५५.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		५७,४२,१२०.००	0	५७,४२,१२०.००	४८,९९,४३८.००	0	४८,९९,४३८.००
३११३०	अन्य पूँजीगत खर्च		३,५०,१७,३३८.००	0	३,५०,१७,३३८.००	४,३०,३८,९०१.००	0	४,३०,३८,९०१.००
३११४०	सुरक्षा उपकरण		0	0	0	२७,११,५३३.००	0	२७,११,५३३.००
३११५०	सार्वजनिक निर्माण		२५,७२,५६,१२१.४३	0	२५,७२,५६,१२१.४३	२८,६४,६२,९६९.००	0	२८,६४,६२,९६९.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		१८,७२,३१५.००	0	१८,७२,३१५.००	१०,७३,६५४.००	0	१०,७३,६५४.००
३११७०	पूँजीगत सुधार खर्च		९७,७८,६८७.००	0	९७,७८,६८७.००	५,१२,५६,२०१.३९	0	५,१२,५६,२०१.३९
३१२२०	मौज्दात सामानहरु		0	0	0	१,००,०००.००	0	१,००,०००.००
ख)	कुल जम्मा भुक्तानी		८२,२६,२४,५६३.४३		८२,२६,२४,५६३.४३	९४,२२,६७,८४१.८३		९४,२२,६७,८४१.८३
ग)	बचत /कमी (ग = क-ख)		(१७,८६,५२७.९९)		(१७,८६,५२७.९९)	(३,६२,८२,८५९.०५)		(३,६२,८२,८५९.०५)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		१,२२,६६,११२.९८		१,२२,६६,११२.९८	६४,३२,८३१.००		६४,३२,८३१.००
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी					(१,९६,५९१.८०)		(१,९६,५९१.८०)

ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		१,०४,७९,५८४.९९		१,०४,७९,५८४.९९	(२,९८,५०,०२८.०५)		(२,९८,५०,०२८.०५)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		४,६८,६२,००९.९३		४,६८,६२,००९.९३	७,६७,१२,०३७.९८		७,६७,१२,०३७.९८
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		५,७३,४१,५९४.९२		५,७३,४१,५९४.९२	४,६८,६२,००९.९३		४,६८,६२,००९.९३

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **सेवाप्रवाहको स्थिति**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण निम्नानुसार रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिएको सेवाप्रवाहको स्थिति देहाय बमोजिम छ।

विवरण	जम्मा
जन्मदर्ता	९९५
मृत्युदर्ता	३६५
बसाईसराई दर्ता	७११
विवाह दर्ता	४३५
सम्बन्धविच्छेद दर्ता	३८

स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाहरु मध्ये पञ्जिकरण बाहेकका अन्य सेवाहरुको अभिलेख व्यवस्थित राख्ने गरेको नपाइएकाले कार्यालयले प्रदान गरेका सेवाहरुको वार्षिक प्रतिवेदन तयार गर्नु पर्दछ।

४ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न १७ पदमा ४३ जना कर्मचारीहरू करारमा राखी रु ९७ लाख २५ हजार खर्च लेखेको छ

५ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २० वटा ऐन, ९ वटा नियमावली, ४७ कार्यविधि लगायत ७६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा

संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १५० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधी सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ९० जना पदपूर्ती भएको देखिन्छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने भएकोले रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

७ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको २२ गरी कुल २५ विवाद मध्ये २२ वटा मात्र फर्स्यौट भएको तथा ३ वटा मुद्दा माथिल्लो निकायमा पठाएको देखियो।

८ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४५ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

९ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्वेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१० **वित्तीय विविरणको विश्लेषण**

१०.१ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ भने नेपाल सरकारबाट प्राप्त अख्तियारी बमोजिमको सामाजिक सुरक्षा तथा संरक्षण-, पर्यटन पुर्वाधार विकास आयोजना ,गरिबसंग विशेश्वर कार्यक्रम, सामाजिक विकास कार्यक्रम राष्ट्रपति महिला सशक्तिकरण परियोजना र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको समेत गरी रु. २२ करोड ४८ लाख ९६ हजार को खर्च नेपाल सरकारको विद्युतीय लेखा प्रणाली(CGAS) राख्ने गरेको

छ। गाँउपालिकाको आर्थिक कारोवारको लेखा राख्न दुई सफ्टवेयर सञ्चालनमा रहेकोले पालिकाको सम्पूर्ण कारोवार चित्रण हुने गरी आर्थिक विवरण तयार हुन सकेको देखिएन।

१०.२ फरक हिसाव – यस पालिकाको प्रतिवेदन म.ले.प.फा.नं.२७२ को अनुसूचि १० अनुसार यस वर्ष संचितकोषमा रु. १८२०३६७१.२१ मौज्दात रहेकोमा अनुसूचि २४(स्रेस्ता तथा बैक बमोजिमको मौज्दात विवरणमा रु. २६६५९२२७.२१ मौज्दात देखएकोले देहाय बमोजिम रु.८४५५५५६फरक परेको(बैंक मौज्दात बढी देखिएको) ले सोको कारण पत्ता लगाई हिसाब मिलान हुनु पर्दछ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति (आय)**	**यसवर्षको भुक्तानी (व्यय)**	**मौज्दात**	
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) अनुसूचि १०	१९९९२१९९.२०	८२०८३६०३५.४४	८२२६२४५६३.४३	१८२०३६७१.२१	
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) अनुसूचि २४	÷			२६६५९२२७.२१	
फरक(स्रेस्ता भन्दा बैंक बढी				८४५५५५६	

१०.३ बैङ्क हिसाव विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन र निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

खाता	स्रेस्ता अनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.	सुत्रको अनुसुची २४ अनुसार	
				स्रेस्ता अनुसार बाँकी	बैङ्क अनुसार बाँकी
स्थानीय तह सञ्चित कोष खाता	२६६५९२२७.२१	२६९७४६४७.२७	३१५४२०.००	२६६५९२२७.२१	२६७४२२२७
आन्तरिक राजश्व खाता	०	०	०	(८४५३५५६)	६४६४३४६
पुँजीगत खर्च खाता	०	०	०	१७००००	०
विविध खाता	१०३८७४९४.९८	१३९०४८४६.९८ ०	९७.००	१०३८७४९४.९८	०
स्थानीय तह विविध कोष	३५१७२५५.००			३४०७३५२	१३७९४८४६
प्रकोप व्यवस्थापन कोष	१३५३८०९.३८	१३५४२९७.३८	४८८.००	१३५४२९७.३८	१३५३८०९
स्थानीय विभाज्य कोष	(११,९०,५३२/८१)	२२३३००.००			
धरौटी खाता	२३८७६७७९.३५	२३८७६७७९.३५		२३८७६७७९.३५	२३८७६७७९.३५
ग१.१, आन्तरिक राजस्व खाता	(१५६१०५०२.००)		(१५६१०५०२.००)		
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०	०	०	१९९३७८५५
आन्तरीक अनुदान खाता	०	०	०	०	२०००१६
स्थानीय तह आकस्मिक कोष				११००००	११००००

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

११ योजना बजेट तथा कार्यक्रम

११.१ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु. १ अर्ब १ करोड. ४५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

११.२ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन

नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११.३ **योजना तथा वजेट कार्यान्वयन**

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.३३ करोड ९२ लाख ५४ हजार भएकोमा प्रथम त्रैमासिकमा रु. ४ करोड ३० लाख ५१ हजार अर्थात १२.६९ प्रतिशत, दोस्रो त्रैमासिकमा रु. ६ करोड ५८ लाख ४ हजार अर्थात १९.४ प्रतिशत, तेस्रो त्रैमासिकमा रु. ४ करोड ४४ लाख २३ हजार अर्थात १३.०९ प्रतिशत र चौथो त्रैमासिकमा रु. १८ करोड ५९ लाख ७६ हजार अर्थात ५४.८२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. १२ करोड ३० लाख ८३ हजार अर्थात ३६.२८ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले खर्च ब्यवस्थापन सन्तुलित नभएको देखिन्छ ।यस सम्बन्धमा निर्माण सम्पन्न भएका ठेक्काको संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुनु पर्ने रकम समयमा प्राप्त नभएकोले समेत वर्षान्तमा पुँजिगत खर्च बढेको कार्यालयको भनाई रहेको छ। जनाएको छ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले पुँजिगत तर्फ रु.३३ करोड ९२ लाखको खरिद गुरुयोजना बेगर गरेको छ। खरिद गुरुयोजना तयार गरेर मात्र खर्च गर्नुपर्दछ।

११.४ क्षेत्रगत बजेट र खर्च सम्बन्धी विवरण

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । सभाले विनियोजन गरेको बजेट खर्च मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४८.७९ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.९१ प्रतिशत रहेको छ । पालिकाको आर्थिक विकासतर्फ ४.७७ प्रतिशत र पूर्वाधार विकासको क्षेत्रमा ३१.६८ % मात्र खर्च रहेकोले बजेट विनियोजन एवं खर्च गर्दा यस क्षेत्रलाई थप प्राथमिकतामा राख्नुपर्ने देखिन्छ । पालिकाले सबै क्षेत्रमा सन्तुलित बजेट विनियोजन गर्दै लक्ष्य प्रगति हासिल गर्नेतर्फ ध्यानदिनुपर्दछ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु. हजारमा)

मुख्यक्षेत्र	वार्षिकवजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिकविकास	४५३०७	३९२२४	४.७७
सामाजिकविकास	४३८५६२	४०१३८३	४८.७९
पूर्वाधारविकास	२७९७६४	२६०५९०	३१.६८
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१८१४३	१५७१३	१.९१
कार्यालय सञ्चालन तथा प्रशासनिक	१२२९७९	१०५७१४	१२.८५
जम्मा	९०४७५५	८२२६२४	१००

११.५ योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र

वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार १२ वडाको लागि वडागत र पालिकास्तरका कुल योजनामा वजेट विनियोजन गरेको छ।

कार्यक्रमको नाम	**योजना सङ्ख्या**	**१० लाख भन्दा बढीको योजना संङख्या**	**रु.लाख देखि २० लाख सम्मका योजना सङ्ख्या**	**रु.५लाख भन्दा कमका योजना सङ्ख्या**
पालिकास्तरीय	५३६	७४	११७	३४५

११.६ रकमान्तर

स्थानीय सरकार संचालन ऐनको दफा ७९ मा स्थानीय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख छ । यस वर्ष कार्यपालिकाको बैठक नं १०२ बाट कर्मचारी पारिश्रमिक, परामर्श सेवा, पोशाक भत्ता लगायतका खर्च शीर्षकबाट रकमान्तर गरी मसलन्द तथा कार्यालय सामग्री खरिद शीर्षकतर्फ रु. १४००००० तथा गैर आवाशीय भवन निर्माण पुँजीगत खर्च शीर्षकबाट सवारी साधन, फर्निचर तथा फिक्सचर, ढोरपाटन देउराली बेहोरे कुर पल्लावारी दुवार गच्छे मोटरबाटो लगायतका लागि रु. ३०००००० रकमान्तर गरेको छ । आर्थिक बर्षभित्र हुने खर्च को अनुमान गरी बजेट विनियोजन गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्छ।

११.७ गत वर्षको दायित्व भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(२) अनुसार चालु वर्षको विनियोजित बजेटले नखाम्ने गरी बढी खर्च गरेर दायित्व सिर्जना गर्न नहुने तथा नियम (१५) अनुसार तलब, महंगी भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधी उपचार, विरामी र बन्दीको सिदा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग भएको सम्झौता बमोजिमको रकम लगायतका दायित्व बाहेकका रकम भुक्तानी गर्न नमिल्ने व्यवस्था छ । पालिकाले गत वर्षको चालु दायित्वमा रु. ५०००००० विनियोजन गरेकोमा रु. ४७९३३८४ भुक्तानी भएको छ । त्यस्तै पुँजीगत दायित्वमा रु. ७६८८४०० विनियोजन गरेकोमा रु. ७६८६००१ भुक्तानी भएको देखियो । नियमावलीमा उल्लेख भए विपरीत बजेटले नखाम्ने गरी बढी खर्च गरेर दायित्व सिर्जना गर्ने तथा तलब, महंगी भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधी उपचार, विरामी र बन्दीको सिदा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग भएको सम्झौता बमोजिमको रकम बाहेकका भुक्तानीमा नियन्त्रण गर्नुपर्दछ ।

१२ ठेक्का व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम त्रैमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट २४ वटा ठेक्का सम्झौता गरेकोमा पहिलो त्रैमासिकमा २ वटा, दोस्रो त्रैमासिकमा ४ वटा, तेस्रो चैमासिकमा १३ वटा र चौथो त्रैमासिकमा ५ वटा सम्झौता गरेको छ ।त्यसै गरी उपभोक्ता समितिसँग ३६५ वटा सम्झौता गरेकोमा पहिलो त्रैमासिकमा २६ वटा, दोश्रो त्रैमासिकमा १६१ वटा, तेस्रो त्रैमासिकमा ६७ वटा, चौथो त्रैमासिकमा १११ वटा सम्झौता गरेको पाइयो । उपभोक्ता समितितर्फका ३ वटा सम्झौता असारमा मात्र गरेको पाइयो । नियमावलीमा व्यवस्था भएबमोजिम समयमै ठेक्का व्यवस्थापन हुनुपर्दछ ।(प्रदेश सरकार तथा संघीय सरकारबाट रकम विनियोजन ढिला भएकोले चौथो त्रैमासिकमा सम्झौता भएको कार्यालयले जनाएको छ ।)

विवरण	ठेक्का संख्या					कुल सम्झौता संख्या
	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	असार महिना	
ठेक्का तर्फ	२	४	१३	५	०	२४
उपभोक्ता समिति तर्फ	२६	१६१	६७	१११	३	३६५

१३ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर नगरपालिकाले दरबन्दी रिक्त भएको कारण यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। रिक्त दरबन्दी पुर्ति आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ।

१४ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ५५१६७०४३ राजस्व बाँडफाँड र अनुदानबाट रु.८१०४४१०४७ समेत रु. ८६५६०८०९०आम्दानी भएकोमा चालु तर्फ रु. ४८३३७०५६२ र पूँजिगत तर्फ रु. ३३९२५४००१ र समेत रु. ८२२६२४५६३ खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.७० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु १३११८२०० खर्च भएको छ जुन आन्तरिक आयको २३.७८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.७५ प्रतिशत चालु र ४१.२५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१५ **गत विगतको सशर्त अनुदान**

संघीय सरकारबाट शसर्त रुपमा निश्चित कार्यक्रमको लागी प्राप्त रकम सम्बन्धित आर्थिक बर्षमा खर्च हुन नसकेमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।कार्यालयले औधोगिक ग्राम निर्माण गर्न रु. ९२ लाख र पर्यटन बोर्डबाट प्राप्त (प्रयोजन नखुलेको) रकम रु. ४७४४४५ विविध खातामा मौज्जाद रहेको देखियो । संघीय सरकाबाट प्राप्त सशर्त अनुदान रकम तोकिएको प्रयोजनमा खर्च हुन नसकेककोमा संघीय संचित कोषमा दाखिला हुनु पर्दछ ।

१६ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा सदस्यले पाउने सुविधाका नसम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ ।उक्त ऐनमा भएको व्यवस्था बमोजिम रु १६४६७००० सुविधा वापत भुक्तानी भएको छ । पदाधिकारी सुविधा आन्तरिक आयको ४१ प्रतिशत रहेको छ।

	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष १२जना	कार्यपालिका सदस्य 08जना	सभाका सदस्य 42 जना	जम्मा
१	बैठक भत्ता	२५५००	२५५००	५९४०००	२०४०००	१००८०००	१८४७०००
२	यातायात खर्च	0	0	१७२८०००	६७२०००	१७६४०००	४१६४०००
३	टेलिफोन,मोबाइल	४८०००	४८०००	४३२०००	२८८०००	१२६००००	२०७६०००
४	पुस्तक,पत्रिका,ईन्टरनेट	६००००	६००००	५७६०००	२८८०००	१००००००	१९८४०००
५	समन्वय तथा सहजीकरण	१५६०००	९६०००	२५२०००	४८००००	१५१२०००	२४९६०००
६	अतिथि सत्कार	८४०००	७२०००	३०२४०००	0	0	३१८००००
७	खानेपानी/बिजुली/सरसफाई	६००००	६००००	0	0	0	१२००००
८	चाडपर्व खर्च	१५०००	१५०००	१४४०००	८०००	३३६०००	५९००००
	जम्मा	४४८५००	३७६५००	६७५००००	२०१२०००	६८८००००	१६४६७०००

१७ **विज्ञापन करको बाडफाँड**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१८ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
६८२०३७३९०	३९८५६५७३	५.८

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१९ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	३५०००००	२७८५७०७	७९.६०
घरजग्गा वहाल कर	३५०००००	३३४६६३८	९८.६२
व्यवसाय कर	३००००००	४३३६७३०	१४४.५६
वहाल विरौटी शुल्क	१५०००००	१५२२७८३	१०१.५२

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२० **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ४३३६७३० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२१ **खर्चमा मितव्यता कायम गर्नुपर्ने**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न प्रयोजनमा देहाय बमोजिम खर्च लेखेको पाईयो ।(रकम रु.हजारमा)

क्रस	खर्च तर्फ	खर्च रकम	गत वर्ष	वृद्धिको कारण
१	विविध खर्च (पालिका र वडा तर्फ)	२९९४	२८०२	
२	आर्थिक सहायता	९९९	१४७७	
३	अतिथि सत्कार	४९९	७७५	
४	भ्रमण खर्च।अनुगमन	२२९५	२१९७	
५	बैठक खर्च (कर्मचारी र पदाधिकारी)	१४६०	१८४७	
६	पानी तथा बिजुली	१४००	७०३	सडक बत्तिको समेत महसुल भुक्तानी गरीएको
७	संचार महसुल	१३०५	९४८	नयाँ स्वास्थ चौकि र वडा कार्यालयमा थप इन्टरनेट जडान
८	इन्धन (कार्यालय प्रयोजन र अन्य)	३६४०	३१३८	
९	सवारी साधन मर्मत	१७९९	१८४४	
१०	मसलन्द तथा कार्यालय सामाग्री	६१९९	४४१५	नया बनेका स्वास्थ संस्थाको भवनको लागी सामाग्री खरिद र कानुनि पुस्तिका छपाइ
११	पत्रपत्रिका तथा सूचना प्रकासन	७००	५९५	
१२	छपाई	३८९	१४६	
	जम्मा	२५६७८	२०८८७	

उल्लेखित तालिका सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छनः

(क) उल्लेखित १२ प्रशासनिक खर्च शिर्षकमा गत वर्षको तुलनामा यस वर्ष २२.९७ प्रतिशतले बृद्धि भएको देखिन्छ। कार्यालयले प्रशसनिक खर्च शिर्षकमा रकम विनियोजन गर्दा गत बर्षको खर्चलाई आधार लिएको देखिएन। प्रशासनिक खर्च शिर्षकहरुमा रकम विनियोजन गर्दा गत वर्षको खर्च र बजारदरको वृद्धिलाई आधार लिन उपयुक्त हुने देखिन्छ।

(ख)निश्चित उद्देश्य सहित विशेष परिस्थितिमा मात्र कानून द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाइने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको समेत भता दिएको पाईयो । बैठकको बिषयवस्तु तथा सो को गाम्भिर्यतालाइ विचार गरेर मात्र खर्च गर्नुपर्दछ।

(ग) प्रत्येक सवारी साधनमा प्रयोग हुने ईन्धन र मर्मत खर्चको नियन्त्रणको लागि सवारी साधन अनुसार ईन्धन र मर्मत अभिलेख राखेको देखिएन। सवारी साधन उपकरण अनुसार ईन्धन र मर्मत खर्चको अभिलेख राख्नु पर्दछ।

(घ)विविध खर्चको प्रयोजन नखुलेको आवश्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीबाट पटक पटक खरिद पाईयो ।विविध रकम खर्च गर्दा प्रयोजन खुलाउनु पर्दछ। साथै यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

(ङ)गत वर्षको खर्चको तुलनामा यस वर्ष बृद्धि हुनु कारण यकिन गरी प्रशासनिक खर्चलाई मितव्ययी बनाउने तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ।

२२ **दोहोरो अनुगमन भत्ता**

सन्धिखर्क नगरपालिकाले वडा नं ११ को वडा कार्यालयको अनुगमन तथा मुल्याङकन शिर्षकमा विनियोजित बजेटबाट योजना अनुगमन गरेबापत भौचर नं ३८२।०८०।१२।१९ बाट देहायका सदस्यहरुले अनुगमन भत्ता बापतको रकम भुक्तानी गर्दा ३ दिनको दोहोरो भत्ता भुक्तानी गरेको देखियो । कानुनि व्यवस्थाको विपरित हुने गरि भुक्तानी गरेको दोहोरो अनुगमन भत्ता सम्बन्धित कर्मचारिबाट असुल गर्नुपर्ने रु.

क्र.स.	नाम थर	भुक्तानी हुनुपर्ने (१२ दिन)	भुक्तानी भएको (१५ दिन)	बढी भुक्तानी (कर बाहेक)	कैफियत
१	चेतनारायण आचार्य	१२०००	१५०००	२५५०	२०८०।१०।५ गते ३ दिनको र ९।२५ गते २ दिनको अनुगमन भत्ता लिएको
२	निर्मला भुसाल	१२०००	१५०००	२५५०	
३	करुणा विक	१२०००	१५०००	२५५०	
४	कृष्ण ब चुदाली	१२०००	१५०००	२५५०	
५	तुल बहादुर कुवर	१२०००	१५०००	२५५०	
६	सन्त ब मुखिया	१२०००	१५०००	२५५०	
७	पुष्करनाथ आचार्य	१२०००	१५०००	२५५०	
	जम्मा			१७८५०	

असुल गर्नुपर्ने	१७,८५०

२३ अनुद्पादक खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेशबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजीनिर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ भन्ने व्यहोरा उल्लेख छ । वितरणमूखी अनुत्पादक खर्चलाई निरुत्साहित गरी अधिकतम प्रतिफल दिने गरी सिमित स्रोतसाधनको उच्चतम उपयोग सुनिश्चित हुनुपर्ने उल्लेख छ ।यो वर्ष पालिकाले देहाय अनुसारका केही कार्यक्रमहरु सञ्चालनका लागि गरेको भुक्तानी ऐनको उल्लिखित व्यवस्था अनुसार उपलब्धीमुलक भएको देखिएन ।अतः यस्तो खर्च नियन्त्रण गरी उत्पादन मुलक क्षेत्रमा परिचालन गर्नु पर्दछ ।

मिति/ भौचर	विवरण	भुक्तानी रकम
२५७-080/१०/1९	प्रकाशन तथा प्रशारण संघ	२५०००
३१८।०८०।११।२३	जिल्ला खेलकुद विकास समिति	४००००
४३९।०८१।१।२६	सिद्धेश्वर शिवालय मन्दिर	१०००००
२७८।०८०।१०।२९	अर्घाखाँची युवा परिषद	९८४२०

२४ खरिद व्यवस्थापन

२४.१ सोझै खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझ्ै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाहरुले यो वर्ष फर्निचर मेसीनरी औजार तथा कार्यलय सामान र मसलन्द सामान खरिद गरेकोमा प्रतिस्पर्धात्मक विधि वेगर सोझै खरिद गरेको पाइयो। अतः सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्थाको पालना तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

क्रस	भौचर नं	भुक्तानी पाउने	रकम
१	३२०।०८०।११।२३	न्यु पुर्णिमा एण्ड प्रतिक्षा इलेक्ट्रिकल्स	२११७२८
२	३५५।०८०।१२।६	एप्पल कम्प्युटर सप्लायर्स	१९२५२५
३	३५५।०८०।१२।६	वि एम वि कम्प्युटर एण्ड ट्रेडिङ सेन्टर	३६०१०५
४	३६९।०८०।१२।१५	उमेश छापाखाना	१२७१२५
५	३९९।०८१।०१।७	सुनिता फर्निचर एण्ड फर्निसिङ	१८७२२३
६	५४०।०८१।२।३२	इन्फोनेट कम्प्युटर सेन्टर एण्ड सप्लायर्स	२६०८७६
७	५६०।०८१।०३।७	एप्पल कम्प्युटर सप्लायर्स	१६२७९७
८	५६०।०८१।०३।७	शैलेश स्टेशनरी एण्ड सप्लायर्स	१९६२९५
९	६८५।०८१।३।२३	अर्घा भगवती स्टोर्स	१२३९८८

२४.२ **ठेक्का प्रतिस्पर्धाको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले यस वर्ष ९ वटा वोलपत्र, १५ वटा शिलबन्दी दरभाऊमार्फत २४ वटा ठेक्का व्यवस्थापन गरेकोमा लागत अनुमान भन्दा ९% देखि ६५% सम्म घटीमा कबोल भइ कार्यान्वयन भएको पाइयो । पालिकाको स्वीकृत नर्म्स आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा खरिद सामग्री, निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा स्वीकृत दररेट विश्लेषणमा समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस वर्ष कार्यान्वयन भएका ठेक्काहरुको विवरण तथा प्रतिस्पर्धाको अवस्था यसप्रकार छन् ।

क्र.सं.	कार्यक्रमको नाम	ठेक्का नंबर	बोलपत्र बिक्री सङ्ख्या	बोलपत्र दाखिला सङ्ख्या	लागत अनुमान	सम्झौता रकम	घटी %
1	औषधि खरिद तथा आपूर्ति कार्य	1/2080/81	8	8	4067595	1392646	65.76
2	स्टेशनरी सामान खरिद कार्य	3/2080/81	7	4	1414019	1060675	24.98
3	फूदवाङ जौडी भुवनडाँडा घुम्ती सडक स्तरोन्नती	4/2080/81	11	11	7989067	5236635	34.45
4	सन्धिखर्क नगरपालिका बजार– १ र २ मा सडक स्तरोन्नती कार्य	2/2080/81	2	2	६०५७५७६९	54491918	10.04
5	लाउरे वजार देखी भिम्मले हुंदै नेपाने जोड्ने बाटो स्तरोन्नती	5/2080/81	4	4	2692416	1765401	34.43
6	सुपादेउराली मन्दिर जोड्ने झोलुङ्गे पुलदेखि भैसेमेला हुँदै नर्तनाचल पहाडसम्म पदमार्ग निर्माण	6/2080/81	4	4	२०६११९०	1708768	17.1
7	वडा प्रशासनिक भवन निर्माण (वडा नं. ५, ६ , ७ , ८ र १२)	7/2080/81	13	13	९८२३८३३०	74509063	24.16
8	चित्रपोखरा बुडिगाडे मोटरबाटो स्तरोन्नती र पोखेडाडा प्रतिक्षालयदेखि ठूलापोखरा मोटरबाटो स्तरोन्नती	8/2080/81	4	4	1960812	1466362	25.22
9	आरुपाटा ओटखमी हुँदै शिवनेटा गुरुहुम जाने सिचाई कुलो र रोटाखोला घाट सिचाई कुलो	9/2080/81	4	4	2000000	1564656	21.77
10	खेलकुद पूर्वाधार निर्माण टुडिखेल मैदान (दोश्रो पटकको सूचना)	10/2080/81	2	2	1500000	1309593	12.7
11	गौरीशंकर मन्दिर भजनगृह सुधार निर्माण (सन्धिखर्क नपा २ कुर नाचिन्डाँडा)	11/2080/81	4	4	1500000	1147440	23.6
12	नाङ्गेठाटी जहरेखोला मोटरबाटो स्तरोन्नती (वडा नं.४) र कुडुले सिंचाई योजना (वडा नं.५)	12/2080/81	4	4	1223587	1029751	15.85
13	साना सिंचाई प्रवर्द्धन कार्यक्रम (कुडले	13/2080/81	5	5	1016179	755396	25.7
14	विद्युतीय सामाग्री आपूर्ती	14/2080/81	8	8	१७९९६२१	१३४४७००	25.28
15	सेनिटरी प्याड आपूर्ती	1५/ 2080/81	5	5	२३३१०००	1313767	43.64
16	खर्ज्याङ लामडाँडा खाँचीकोट दरवार मो वा र शुक्मी सोडेको मुखदेखि चिप्लेखोला जोड्ने खोलाको तिरको कृषि सडक सनपा-१ (दोश्रो पटकको सूचना)	1६/ 2080/81	2	2	1200000	853998	28.84
17	सन्धिखर्क नगरपालिका वडा नं १, २ , ९ र १० सडक मर्मत तथा फुडबाङ , फर्जेङ , चन्द्रपर्व मावी देखि डिहीडाँडा नेटा सडक वडा नं ७ स्तरोन्नति	1७/ 2080/81	12	12	१८३००४३५	12172917	33.49
18	सेरामिक्स उद्योग स्थापनाका लागि ट्रस्ट निर्माण तथा उपकरण खरिदमा साझेदारी सन्धिखर्क नपा ५ (उद्योग पर्यटन तथा यातायात व्यवस्था)	18/2080/81	7	7	२००००००	1607627	19.62
19	गुल्मी जिल्ला सन्धीखर्क नगरपालिका वडा नं३ को राजन मार्ग स्तरोन्नती	19/2080/81	10	10	२५०००००	1745177	30.2

20	कृषि सामग्री आपूर्ती कार्य	20/2080/81	7	7	१९९४९६०	1534000	23.11
21	हाते औजार आपूर्ति कार्य	21/2080/81	7	7	१९६८९४५	1593042	19.1
22	सुरक्षा सामग्री आपूर्ती	22/2080/81	8	8	८२६२५६	670700	18.83
23	आदर्श माध्यमिक विद्यालय भवन निर्माण	23/2080/81	3	3	२००००००	1813726	9.32
24	पार्वती आधारभूत विद्यालय कक्षा कोठा निर्माण सनपा- १	24/2080/81	5	5	२००००००	1440349	27.99

२५ उपभोक्ता समितितर्फका योजनाहरु

२५.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अन्तर्गत कार्यालयले यस वर्ष सडक, सिचाइ, खानेपानी लगायतका ३६१ वटा टुक्रे योजनाहरु उपभोक्ता समितिवाट गराई विभिन्न करकट्टीबाहेक रु. ८ करोड ५९ लाख ५१ हजार भुक्तानी दिएको छ । यसको लेखापरीक्षणवाट निम्न व्यहोराहरु देखिएका छन् ।

उपभोक्ता समितिबाट भएको कामको बिलविजक

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ तर यस कार्यालयमा प्राविधिकले योजनाको Labor and Material Breakdown नगरेको, उपभोक्ता समितिमार्फत गरिएका कामको बिल भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बिलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको, कार्यालयले उपभोक्ता समितिमार्फत कार्य गराउदा निर्माण सामग्रीहरुमा जिल्ला दररेटमा मूल्य अभिवृद्धि कर थप गरी लागत अनुमान तयार गर्ने गरेकोमा उपभोक्ता समितिले घटी विजक तथा मू.अ. कर पेश गर्ने गरेको देखिएकोले निर्धारित दरविश्लेषण तथा नर्म्स अनुसार नै निर्माणकार्य भएको छ भन्ने आश्वास्त हुने अवस्था छैन। आवश्यक परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत कार्य भएको देखिन्छ । पालिकाले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

योजना फरफारक

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने, नियम ९७(७) अनुसार प्रत्येक किस्ताको खर्चको विवरण सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । नियम ९७(१२) अनुसार योजना रेखदेख र मर्मत संभारको जिम्मेवारी तोकी उपभोक्ता समितिलाई योजना हस्तान्तरण हुनुपर्ने समेत व्यवस्था छ। कार्यालयले नियमावलीमा व्यवस्था भए अनुसार खर्च सार्वजनिकीकरण तथा सामाजिक परीक्षण गराएको देखिएन साथै योजनाको मर्मत संभार र रेखदेखको जिम्मेवारी सहित उपभोक्ता समितिहरुलाई योजना हस्तान्तरण भएको देखिएन । नियमको पालना हुनुपर्दछ ।

निर्माण कार्यको विमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, मेसिन, प्लान्ट लगायत सम्पूर्ण कार्यको प्रतिस्थापन खर्च समेतको अनिवार्य विमा गराउनुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिबाट भएका बीस लाख माथिका योजनाहरुको समेत सम्झौतामा उल्लेख भए अनुसार बिमा गराउनुपर्ने व्यवस्था छ । कार्यालयले आंशिक योजनाहरुको मात्र विमा गराएको छ । नियमानुसार त्रुटी सच्याउने अवधिसम्मको लागि अनिवार्य विमा गराउनुपर्ने देखिन्छ ।

स्थानीय तहहरुका निर्माण कार्यमा गुणस्तर व्यवस्थापन – यस स्थानीय तहले ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा अधिकांश उपभोक्ता समिति तथा ठेक्कातर्फका निर्माण कार्य गराउँदा निर्माण सामाग्री

परीक्षण गराएको पाइएन। साथै यस निकायले गुणस्तर परीक्षण प्रयोगशाला र परीक्षण गर्ने जनशक्तिको व्यवस्था गरेको देखिएन ।अन्य प्रयोगशालावाट परीक्षण गराउने अभ्यास भएको पनि देखिएन । यसमा सुधार गर्नु पर्दछ ।निर्माण कार्यमा गुणस्तर व्यवस्थापन – यस स्थानीय तहले ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा अधिकांश निर्माण कार्य गराउँदा निर्माण सामाग्री परीक्षण गराएको पाइएन। साथै यस निकायले गुणस्तर परीक्षण प्रयोगशाला र परीक्षण गर्ने जनशक्तिको व्यवस्था गरेको देखिएन ।अन्य प्रयोगशालावाट परीक्षण गराउने अभ्यास भएको पनि देखिएन । यसमा सुधार गर्नु पर्दछ ।

२५.२ **पहिरो हटाउने कार्य**

सार्वजिनक खरिद नियमावली २०६४ को नियमावली नियम १२३ मा बिल बिजकको भुक्तानी गर्दा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पहिरो हटाउने कार्यका लागि Average Cross section नलिइ Box cutting जसरी वा Triangular Crosssection भन्दा बढी हुने गरी परिमाण मापन गरेर भुक्तानी दिनु उपयुक्त देखिदैन । Autocad बाट बास्तविक Cross section मापन नगरी वा औषतमा TriangularCross section लिएर परिमाण मापन नगरी भुक्तानी दिदाँ कार्यालयलाई बढी व्ययभार पर्ने देखियो । यस सम्बन्धमा पालिकाले यकिन गरी नियमित गर्नुपर्ने देखिएको रु.

भौ नं र मिति	उपभोक्ता समिति\ निर्माण व्यवसायी	भुक्तानी (घ.मी.)	भुक्तानी हुने (घ.मी.)	भुक्तानी दर	बढी भुक्तानी
१०७- २०८०।१०।९ (पालिका पुजीगत)	सनपा ४ सम्पूर्ण मोटरबाटो मर्मत सुधार उ. स .	३२१०.६३	२३९५	४१.१९	३३५५५
१०७- २०८०।१०।९ (पालिका पुजीगत)	सनपा ५ का सम्पूर्ण मोटरबाटो स्तरोन्नति उ. स .	४७४०	३५३७	४१.१९	४९५५१
२५६- २०८१।३।१९ (पालिका पुजीगत)	सम्पूर्ण मोटरबाटो मर्मत सम्भार तथा स्तरोन्नति वडा नं ६ उ. स .	१५३९.७	१२९८.५	४१.१९	९९३५
१५६।२०८०।११।२९ (पालिका पुजीगत)	वडा नं १० का सम्पूर्ण मोटरबाटो सोहोर्ने तथा हाटटारी कुवा मोटरबाटो निर्माण उ. स .	१३५३.४६	११५९.३४	४१.१९	७९९५
१५६- (पालिका पुजीगत)	वडा भित्रका सम्पूर्ण मोटरबाटो मर्मत तथा स्तरोन्नति वडा नं ७ उ. स .	११९९.१४	९६७.६९	४१.१९	९५३३
	जम्मा				११०५६९

अनियमित भएको	१,१०,५६९

२५.३ **उपभोक्ता समितिका काममा हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, जनसहभागितामूलक, श्रममूलक एवं रोजगार सिर्जना गर्ने कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गत उपभोक्ता समितिबाट सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाहरुको कूल लागतको अधिकांश अंश डोजर, एक्साभेटर लगायतका हेभी मेशिनको हुने गरेको र सो बापतको भुक्तानी उपभोक्ता समितिले निर्माण व्यवसायीलाई गर्ने गरेको पाइयो ।जसका केही उदाहरण देहाय बमोजिम छन ।

भौ.नं. र मिति	योजनाको नाम/ उ . स .	निर्माण व्यवसायी	लागत अनुमान	विजक रकम
१०७- २०८०।१०।९ (पालिका पुजीगत)	सनपा ४ सम्पूर्ण मोटरबाटो मर्मत सुधार उ. स .	अर्घाखाचीगैरे कन्सट्रक्सनबाट १००% काम सम्पन्न	५००२३८	५००५००
१०७- २०८०।१०।९ (पालिका पुजीगत)	सनपा ५ का सम्पूर्ण मोटरबाटो स्तरोन्नति उ. स .	अमार निर्माण सेवाबाट ९४% काम सम्पन्न	८८८९२७	८३४००२
२५६- २०८१।३।१९ (पालिका पुजीगत)	सम्पूर्ण मोटरबाटो मर्मत सम्भार तथा स्तरोन्नति वडा नं ६ उ. स .	मिश्र निर्माण सेवा र पशुपति निर्माण सेवाबाट ७७% काम सम्पन्न	८८९६६८	६८०८२५
१०८- २०८०।१०।९ (पालिका पुजीगत)	वडा भित्रका मोटरबाटो तथा पहिरो सोर्ने उ. स . वडा नं ९	सम्झना निर्माण सेवाबाट ९९% काम सम्पन्न	६६७०१६	६६५५७०
२६४- २०८१।३।१९ (पालिका पुजीगत)	वडा नं ६ का सम्पूर्ण मोटरबाटो स्तरोन्नति वडा नं ११ योजना उ. स .	बिएल निर्माण सेवा र एम एस कन्सट्रक्सनबाट ६२% काम सम्पन्न	८९०९८९	५४९४६२
१५६- (पालिका पुजीगत)	वडा भित्रका सम्पूर्ण मोटरबाटो मर्मत तथा स्तरोन्नति वडा नं ७ उ. स .	निर्माण व्यवसायीबाट ७१% काम सम्पन्न	१०००03८	७०७९९८
१०४- २०८०।१०।९ (पालिका पुजीगत)	सम्पूर्ण मोटरबाटो मर्मत संभार वडा नं ८ उ. स .	भुषाल निर्माण सेवाबाट ८५% काम सम्पन्न	१०६२०२९	९००९१८
१९९- २०८१।१।२६ (पालिका पुजीगत)	बाटो सोहर्ने उ. स . वडा नं ११	सागर निर्माण सेवाबाट ८२ % काम सम्पन्न	७७८५५२	६३६४५९
१५६।२०८०।११।२९ (पालिका पुजीगत)	वडा नं १० का सम्पूर्ण मोटरबाटो सोहोर्ने तथा हाटटारी कुवा मोटरबाटो निर्माण	वि. एल . निर्माण सेवा र पाण्डे कन्सट्रक्सनबाट १०० % काम सम्पन्न	५४५१४४	५५०८०२
१०७- २०८०।१०।९ (पालिका पुजीगत)	सनपा ४ का सम्पूर्ण शाखा मोटरबाटो मर्मत सम्भार	अर्घाखाची गैरे कन्सट्रक्सनबाट १००% काम सम्पन्न	५००२३८	५००५००
		जम्मा	७७२२८३९	६५२७०३६

नियमावलीमा व्यवस्था भएबमोजिम उपभोक्ता समितिहरुलाई हेभी मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, जनसहभागितामूलक, श्रममूलक एवं रोजगार सिर्जना गर्ने योजनाको जिम्मेवारी दिनुपर्ने देखिन्छ ।

२५.४ मोटर बाटो स्तरोन्नति कार्य

पालिकाले पालिकाभित्रका विभिन्न बाटोहरु मर्मत तथा स्तरोन्नति कार्यको लागत अनुमान तयार गर्दा सडक चेनेजहरुमा १५ सेमी सम्म गहिरो हुने गरी बाटो खन्ने कार्यका लागि सडक विभागको DoR 2.1 (ii)A अनुसार Site Clearence By Mechanical means In area of light jungle with trees girth upto 300mm (less than 15 number per 100 sqm) अनुसारको नर्म्स प्रयोग गरी भुक्तानी गरेको देखियो ।बोटबिरुवा नभएको Light Jungle area मा भन्दा सडकको मर्मत कार्यमा Dozer/ Excavator को Efficiency बढ्ने हुदाँ उक्त नर्म्समा बमोजिम भुक्तानी दिदाँ Dozer/ Excavator को Efficiency लाई समेत विचार गर्नु आवश्यक देखिन्छ । Serviceable नभएको र वास्तविक Maintenance आवश्यक खण्डमा मात्र सडक विभागको Roadway Mainteinance work को नर्म्स अनुसार दिगो एवं मितव्ययी हुने तरिकाले खर्च गर्नुपर्ने देखिन्छ ।

२५.५ जटिलसंरचना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितको भवन निर्माण कार्यसमेत उपभोक्ता समितिमार्फत गराएको देखियो । भवन निर्माणलगायतका प्राविधिक पक्ष समेटिने जटिल संरचना निर्माणका कार्य उपभोक्ता समितिबाट गराएको विषय गत वर्षसमेत म.ले.प. प्रतिवेदनमा उल्लेख गरेकोमा यस वर्षसमेत सुधार भएको देखिएन । कार्यालयले सहरी शासकीय तथा पूर्वाधार आयोजनामा सूचिकृत श्रमिकहरुबाट योजना सञ्चालन गर्नुपर्ने भएकोले प्रतिस्पर्धाबाट गराउन नमिल्ने जनाएको छ । उपभोक्ता समितिमार्फत यस्ता कार्य गराउदा समितिको व्यवसायिक दक्षता अनुभव, प्राविधिक विज्ञता पुग्ने नपुग्ने तथा गुणस्तर कायम हुने नहुने विषयमा कार्यालयको ध्यान जान उपयुक्त हुने देखिन्छ ।

गोभौनं./मिति	योजना/ उपभोक्ता समिति	काम	लागत अनुमान	भुक्तानी
१३७- २०८१।३।८ संघ हस्तान्तरित पुजीगत	बराहनेटा आ. वि . को भौतिक संरचना निर्माण तथा स्तरोन्नति उ . स .	भवन निर्माण	११०००००	११०००००
१२८- २०८१।३।७ संघ हस्तान्तरित पुजीगत	जनशान्ति आ. वि . पूर्वाधार निर्माण उ . स .	भवन निर्माण	१००३०८५	१००००००
	जम्मा		२१०३०८५	२१०००००

२५.६ चेनेज नखुलेको

सार्वजिनक खरिद नियमावली २०६४ को नियमावली नियम १२३ मा बिल बिजकको भुक्तानी गर्दा वास्तविक कार्यसम्पादनको आधारमा नापी किताबमा उल्लेख भए बमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले एउटै सडका विभिन्न खण्डहरुमा पहिरो सफा गर्ने कार्य र साईड क्लियरेन्सको कार्य गर्ने गरेकोमा नापि किताबमा कामको प्रकृति अनुसार काम गरेको स्थान चेनेज खुलाउने गरेको देखिएन। एउटै सडकका विभिन्न खण्डहरुमा पहिरो सफा गर्ने कार्य र साईड क्लियरेन्सको कार्य गर्दा स्पष्ट चेनेज नखुलेका योजनाहरुको उदाहरणहरु यसप्रकार छन् ।

क्र. सं .	भौ. नं . र मिति	योजना
१	२५६- २०८१।३।१९ (पालिका पुजीगत)	सम्पूर्ण मोटरबाटो मर्मत सम्भार तथा स्तरोन्नति वडा नं ६ उ. स .
२	१५६- (पालिका पुजीगत)	वडा भित्रका सम्पूर्ण मोटरबाटो मर्मत तथा स्तरोन्नति वडा नं ७ उ. स .
३	१९९- २०८१।१।२६ (पालिका पुजीगत)	बाटो सोहर्ने उ. स . वडा नं ११
४	१५६।२०८०।११।२९ (पालिका पुजीगत)	वडा नं १० का सम्पूर्ण मोटरबाटो सोहोर्ने तथा हाटटारी कुवा मोटरबाटो निर्माण
५	१०७- २०८०।१०।९ (पालिका पुजीगत)	सनपा ४ का सम्पूर्ण शाखा मोटरबाटो मर्मत सम्भार

पहिरो सफा गर्ने कार्य र साईड क्लियरेन्सको कार्य गर्दा स्पष्ट चेनेज नखुलेका कारण काममा दोहोरोपना भए नभएको यकिन गर्न सकिएन । कुन चेनेजमा के कस्तो प्रकृतिको कार्य भएको हो नापी किताबमा सो स्पष्ट खुलाउनु पर्दछ।

२५.७ स्क्याफोल्डिङ काम

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको अनुसार तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले सडकविभागको नर्म्स अनुसार ढुङ्गाको गारो लगाउने कार्य गर्दा आवश्यक पर्ने उचाइमा मात्र Scafflolding बापतको ५% जोड्नुपर्नेमा सबै कार्यमा Scafflolding बापतको रकम दरविश्लेषणमा थप गरेको देखिएकोले नियमसंगत नदेखिएको रु.

गोभौनं./मिति	उपभोक्ता समिति र काम	काम	परिमाण घ. मी .	भुक्तानी हुने	भुक्तानी दर	बढी भुक्तानी
१७९- २०८१।३।२० संघ हस्तान्तरित पुजीगत	डाडादेखि टाकुरा जुकेखोला सडक स्तरोन्नति उ. स .	Stone Masonry 1:6	१७.५२	९२०६.८६	९४४०.३६	4090.92
८९- २०८१।३।५ संघ हस्तान्तरित पुजीगत	गच्छेघाट व्यवस्थापन तथा ट्रस निर्माण उ. स .	Stone Masonry 1:6	३५.३५	९२०६.८६	९४४०.३६	8254.23
१८१- २०८१।३।२० संघ हस्तान्तरित पुजीगत	गुरुङ्खोला खानेपानी तथा जिखौरी पधेरो मर्मत उ. स .	Stone Masonry 1:6	१६.८५	९२०६.८६	९४४०.३६	3934.48
८८- २०८१।३।५ संघ हस्तान्तरित पुजीगत	भतेरचौर खेलमैदान संरक्षण उ. स .	Stone Masonry 1:6	२१.६५	९२०६.८६	९४४०.३६	5055.28
६४- २०८१।४।३१ संघ हस्तान्तरित पुजीगत	रनुवाखोलामा ह्यूम पाइप तथा सडक स्तरोन्नति उ. स	Stone Masonry 1:6	१३	९२०६.८६	९४४०.३६	3035.5
९५- २०८१।३।५ संघ हस्तान्तरित पुजीगत	बागमारा सेती पोखरी खाँचीमैदान जोगीडाँडा भातपधेरा लम्चा विहार चिरीचौर पोखरी निर्माण उ. स .	Stone Masonry 1:6	६६.३२	९२०६.८६	९४४०.३६	15485.7
७६- २०८१।३।२ संघ हस्तान्तरित पुजीगत	फेदीखेल मैदान स्तरोन्नति स. न . पा . ४ उ . स .	Stone Masonry 1:6	६६.८१	९२०६.८६	९४४०.३६	15600.1
१७७- २०८१।३।२० संघ हस्तान्तरित पुजीगत	मथुराधाम बगैचा संरक्षण तथा स्तरोन्नति र मथुरा स्थानघाट स्तरोन्नति उ. स .	Stone Masonry 1:6	८३.६३	९२०६.८६	९४४०.३६	19527.6
५३- २०८१।२।२९ संघ हस्तान्तरित पुजीगत	उपल्लो जगत पोखरी र खा. पा . मर्मत तथा संरक्षण र नरपानी खा . पा . मर्मत निर्माण र विस्तार उ . स .	Stone Masonry 1:6	४२.६१	९२०६.८६	९४४०.३६	9949.44
१४८- २०८१।३।१२ (पालिका पुजीगत)	कर्नेलखोला सल्लेरी मोटरबाटोमा पहिरो नियन्त्रणका लागि जाली तथा पर्खाल निर्माण	Stone Masonry 1:6	३६.३३	९२०६.८६	९४४०.३६	8483.06
	जम्मा					93416

अनियमित भएको	९३,४१६

२५.८ (..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३७,१४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२६ **चुत्राबेसी भक्तीटोला धरम्पानी अघमैदान सडक निर्माण**

ठेक्का नं. ७-०७८।७९ चुत्राबेशी भक्तिटोल धरम्पानी अर्घा मैदान सडक निर्माणका लागि रायमाझी जयमाता खनाल जे.भी.सँग २०७८।११।९ मा २०८०।१०।२६ भित्र कार्यसम्पन्न गर्ने गरी रु. ६,१९,१७,९०० बराबरको सम्झौता भएकोमा अन्तिम बिलसम्म रु. ७,०१,७५,७९७ (मूल्य समायोजन र मू.अ.कर सहित) को कार्य स्वीकार भई भुक्तानी भएको देखियो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नअनुसार छन्:

२६.१ **इन्जिनियर सुविधा**

सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णयमा निर्माण कार्यको बिल अफ क्वान्टिटिमा सवारीसाधन, साईट अफिस भाडाजस्ता निर्माण कार्यसँग असम्बन्धित खर्च समावेश नगर्न निर्देशन दिएको छ । Standard Specification for Road and Bridge 2073 ले समेत ठेकेदारको साइट अफिस, अफिस सञ्चालन खर्च लगायतको छुट्टै भुक्तानी गर्नुपर्ने अनिवार्य गरेको देखिएन । पालिकाले चुत्राबेसी भक्तीटोला धरम्पानी अर्घामैदान सडक निर्माण ठेक्कामा साइट अफिसभाडाबापत ठेकेदार रायमाझी जयमाता खनाल जे.भी. लाई BOQ मा समावेश गरी रु. २०३४०० (मू.अ.कर सहित) भुक्तानी गरेको छ । सार्वजनिक लेखा समितिको निर्देशन पालना गर्नुपर्दछ।

२६.२ **Days Work**

सम्झौताको सामान्य शर्त अनुसार सानातिना कामहरुको भेरिएसन गर्नुपर्दा केटेशनबाट सामान खरिद गरी दैनिक Dayworks को आधारमा सम्झौताको Dayworks Schedule सम्बन्धित प्राविधिकको सिफारिस अनुसार गराउन मिल्ने र उक्त कामको दैनिक रुपमा प्रमाणित गरी राखेको अभिलेख अनुसार भुक्तानी गर्ने व्यवस्था रहेता पनि सो बेगर कार्यालयले निर्माण व्यवसायीलाई Dayworks अन्तर्गत दक्ष र अदक्ष जनशक्तिको ज्यालबापत रु. ८५०२१ र Excavator र Tipper को रु. ३७१००१ गरी कूल रु. ४५६०२२ (मूल्य अभिवृद्धि कर र मूल्यसमायोजनसहित) भुक्तानी गरेको देखियो । कार्यालयले पहिरो सोहोर्ने कार्यमा Days Work बाट कार्य गरेको जनाएको छ । प्राविधिक सिफारिस, Daysworks Schedule स्वीकृत गरी दैनिक अभिलेख राखेर Dayswork भुक्तानी गर्नेतर्फ ध्यानदिनुपर्ने देखिन्छ ।

२६.३ **ट्याक कोटको बढी भुक्तानी**

स्ट्यान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७3 (संशोधन २०७५ समेत) को बुँदा न. १३०२ मा कालोपत्रे सडकमा प्रयोग हुने बिटुमिनको ट्याक कोटको स्प्रे दर ०.४ देखि ०.६ लिटर प्रति वर्गमिटर हुने व्यवस्था भएकोमा पालिकाले १३०५७.९२ वर्ग मिटरमा ट्याक लगाएकोमा ०.७ लिटर प्रतिवर्गमिटरका दरले ९१४०.५४ लिटरको भुक्तानी गरेको देखियो । नर्म्सअनुसार अधिकतम ०.६ लिटर प्रतिवर्गमिटरले ७८३४.७५ लिटरको भुक्तानी हुनुपर्नेमा १३०५.७९ लिटर बापतको रु. १४३.४४(मूल्य अभिवृद्धि कर र मूल्यसमायोजनसहित) का दरले बढी भुक्तानी देखिएको रु. १८७३०२ असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,८७,३०२

२६.४ Bitumen Cutter

स्ट्यान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७3 (संशोधन २०७५ समेत) को बुँदा न. १३०२ मा कालोपत्रे सडकमा प्रयोग हुने बिटुमिनको ट्याक कोटको स्प्रे दर ०.४ देखि ०.६ लिटर प्रति वर्गमिटर हुने व्यवस्था छ । ट्याक कोट स्प्रे गर्दा Paving Grade Bitumen लाई Bitumin Cutter मा mix गरी स्पे गरिने भएकोले Spray rate को आधारमा Mixture को Weight निकालेपछि सोबाट मिश्रण प्रतिशतको आधारमा Bitumen Cutter को परिमाण र Tack coat को परिमाण निकाल्नुपर्ने मा पालिकाले पुरै Spray rate अनुसारको भुक्तानी Tack Coat मा गरेको देखिएकोले Bitumin Cutter को छुट्टै भुक्तानी गरेको अवस्थामा दोहोरो पर्ने देखिन्छ । Bitumen Cutter बापतको ठेकेदार रायमाझी जयमाता खनाल जे.भी. लाई १८२०.९१ लि. को मूल्य अभिवृद्धि कर र मूल्यसमायोजन सहित रु. २६५२३७ भुक्तानी दिएको देखियो । उक्त रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,६५,२३७

२६.५ **मूल्यसमायोजन बढी भुक्तानी**

चुत्राबेशी भक्तिटोल धरम्पानी अर्घा मैदान सडक निर्माणका लागि रायमाझी जयमाता खनाल जे.भीलाई अन्तिम रनिङ बिलसम्म मूल्य समायोजनबापत रु. ८३,००,०६५ (मू. अ. करसहित) भुक्तानी भएको देखिन्छ ।सम्झौतामा व्यवस्था भएअनुसार Equipment Usuage को Source of Index बापत Transport Vehicle and Machinery Goods रहेकोमा पालिकाले Machinery equipment को Index लाई मात्र आधार मानेर मूल्यसमायोजन गणना गरेको देखियो । सम्झौतासम्बन्धी कागजातको GCC:48 मा व्यवस्था भए

बमोजिम Monthly Index अनुसार IPC भुक्तानी हुने देखिन्छ । पालिकाले सोही अनुसार मूल्य समायोजनबापतको रकम Monthly Average Index लिई भुक्तानी गर्नुपर्नेमा सो अनुसार नगरेकोले निम्नअनुसार बढी भुक्तानी हुने देखिएको रु.

Price Index coefficients						Base Price Index				
Non Adjustable(A)		0.15				Lo	523.75			
Labour (b)		0.1				Mo	116.36			
Materials ©		0.6				Eo’	120.54			
Equipment (d)		0.15				Eo”	133.49			
				Eo= (3.8*Eo’+3.17*Eo”)/6.97			127.6			
IPC	Current Index	Ln	Mn	En’	En”	En	Pe factor	Amount	After PS, LS and General work	PE Amount
1	Average upto Apr 9, 2022	537.43	135.63	122.93	134.87	129.43	0.104	12726918	12386918	1289951
2	Average upto Jun 3, 2022	541.82	140.73	124.47	138.37	132.04	0.134	5039088	4843088	650623
3	Average upto Aug 22, 2023	564.68	138.37	128.22	141.82	135.63	0.13	9116488	9076488	1186770
4	Average upto Nov 11, 2023	572.56	139.63	130.18	143.54	137.46	0.14	18300175	18300175	2578568
5	Average upto Sep 10, 2023	580.77	141.47	132.97	144.78	139.4	0.154	5233861	4523861	697786
6	Average upto Nov 6, 2023	592.29	138.67	136.2	146.99	142.08	0.145	4398275	4398275	638412
								Total		7042110
								With VAT		7957588
								Paid With VAT		8300065
								बढी भुक्तानी		342477

असुल गर्नुपर्ने	३,४२,४७७

२६.६ बायोइन्जिनियरिङ कार्य

कार्यालयले चुत्राबेसी भक्तीटोला धरम्पानी अर्घामैदान सडक निर्माण कार्यमा बायोइन्जिनियरिङ कार्यबापत ४८०० वर्ग मिटरमा विशेष प्रजातिको घाँसको विरुवा र ३७० वटा विरुवा रोपेर कुल बायोइन्जिनियरिङ कार्यबापत रु. ३८८३१८७ (मूल्य अभिवृद्धि कर र मूल्यसमायोजनसहित) खर्च गरेको देखिन्छ । यस सम्बन्धी थप व्यहोरा यस प्रकार छन् :

Stone Pitching –

BOQ item no. 8.2 मा Bioengineering Work अन्तर्गत Stone Pitching Work भनी ६०.८ घनमिटरको रु. २३२१६५ मूल्य अभिवृद्धि कर र मूल्यसमायोजनसहित भुक्तानी भएको देखिन्छ । कार्यालयले DoliDar को Speccification 17-2, 17-5, 17-6 प्रयोग गरी लागत अनुमान तयार गरेकोमा उक्त नर्म्स बमोजिम ४० किलोग्रामभन्दा ठूला ढुङ्गा सोलिङ गरेर Voids हरुलाई खोलाको गिट्टीले पुरेर भित्ताको लागि एक किसिमको सपोर्ट तयार गर्नुपर्ने देखिन्छ । कायालयले गराएको Stone Pitching कार्य Specification अनुरुप भएको देखिएन । सो सम्बन्धमा कार्यालयले यकिन गरी सुधार गर्नुपर्ने देखिन्छ ।

Striping and Storing Topsoil - BOQ item no. 8.1 मा Bioengineering Work अन्तर्गत Striping and Storing Topsoil for a minimum depth of 150mm including storing or reapplication within a lead up to 100m along the lead route

को कार्यबापत ७०५४.६८ घ.मी. को मू.अ.करबाहेक रु. ३०० ले रु. २११६४०४ भुक्तानी गरिएको देखिन्छ । BOQ item no. 4.1,4.2 मा Excavation of earth with all lift and lead बापत १३२३४ घ.मी. र BOQ item no. 4.4 मा Transportation of excavated earth को छुट्टै भुक्तानी भएको देखिन्छ । त्यस्तै गरी मेसिन प्रयोग गरी पहिरो सोर्ने कार्य गरेको भनी सोही स्थानमा Days work अन्तर्गत Excavatior, Tipper, Labor समेतको छुट्टै भुक्तानी भएको देखिन्छ । कार्यालयले Dolidar को नर्म्स प्रयोग गरी उक्त कार्यको लागत अनुमान तयार गरेकोमा सामान्य Site Clearence बाहेक पहिरो गएको स्थानमा ठूलो परिमाणमा (७०५४.६८ घ.मी.) माटो खन्न मिल्ने देखिदैन । त्यस्तै गरी वृक्षारोपणको लागि खन्ने पुर्ने लगायतको कामको समेत वृक्षारोपणकै दरविश्लेषणले समेट्ने भएकोले ४८०० वर्गमिटरमा वृक्षारोपण गरिएको स्थानमा Topsoil सम्म १५ सेमी गहिरो खन्दा ७२० घन.मि. माटो खन्ने कार्य हुने देखिन्छ । सोको लागि निर्माण व्यवसायीले कबोल गरेको रु. ६० का दरले रु. ४३२०० भुक्तानी हुने देखिन्छ । पालिकाले रु. २११६४०४ मूल्य अभिवृद्धि करबाहेक भुक्तानी गरेकोमा बढी भुक्तानी रु. २०७३२०४ को मूल्य अभिवृद्धि कर र मूल्यसमायोजनसहित रु. २६७०७०१ देखिन्छ । यससम्बन्धमा कार्यालयले समेत थप यकिन गरी असुल गर्नुपर्ने रु.

चुत्राबेसी भक्तीटोला धरम्पानी अर्घामैदान सडक खण्डको पहिरो गएकोस्थानको बायें Stone Pitching को कार्य (बाँयातर्फ) र Striping and Storing Top soil with Plant

असुल गर्नुपर्ने	२६,७०,७०१

२७ **ठेक्का कार्यान्वयनतर्फका विविध सवाल**

२७.१ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न

भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि कुन कुन कारणले गर्दा के कति समय म्याद थप गर्न सकिने बारे विश्लेषण गरेको देखिएन ।कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

ठेक्काको विवरण	सम्झौता मिति	सम्झौता रकम	सम्पन्न गर्नुपर्ने मिति	हाल सम्मको भुक्तानी	म्याद थप अबधि	सुरु अबधिको म्याद थप प्रतिशत
५०/७७/७८ कोल्ड स्टोर निर्माण	2/24/2078	७७९४७२०८	१२/३०/२०८१	४८४३८८९३	२ वर्ष	१००
२३/२०८०/८१आदर्श माध्यमिक विद्यालय भवन निर्माण	०२/२०/२०८१	१८१३७२६	०३/२०/२०८१	१८१३७२६	१० दिन	२२

आयोजनाले उपलव्ध गराएको विवरण अनुसार यस वर्ष कार्यान्वियनमा रहेका पुराना र नयाँ गरी ३९ ठेक्का सम्झौतामध्ये कोल्ड स्टोर निर्माण ठेक्कामा शुरु अवधिको पचास शतप्रतिशत अवधिभन्दा बढी म्याद थप भएको देखिन्छ । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ। वास्तविक कारण बाहेक म्याद थप गर्ने परम्परालाई निरुत्साहित गरिनु पर्दछ र निर्माण व्यवसायीको कारणले म्याद थप गर्नुपरेमा पुर्वनिधारीत क्षतिपुर्ति लगाई म्याद थप गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

२७.२ भेरिएसन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वनुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वियनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ । योजनाको डीपिआर तयार गर्दा पर्याप्त स्थलगत अध्ययन तथा परिक्षण कार्य सही रुपमा नगर्नाले पूर्वअनुमान गर्न सकिने परिस्थितिहरुमा समेत पछि गएर भेरिएसन जारी गर्न पर्ने अवस्था सृजना हुने गरेको देखिन्छ । पालिकाले यस वर्ष ऐतिहासिक चौविसे राज्य अन्तर्गतको खाँची दरबार पुन निर्माण तथा पहुँचमार्ग निर्माण कार्यको ठेक्कामा सम्झौता रकमको २१.७८ प्रतिशत घटी हुने गरी भेरिएसन आदेश स्वीकृति गरेको पाइयो । उक्त ठेक्का कार्यान्वियनको क्रममा प्राचिन स्मारक संरक्षण ऐन, २०१३ विपरीत हुने गरी डोजरको प्रयोग गरेको, आधुनिक निर्माण सामग्री प्रयोग गरेको भनी पुरातत्व विभागबाट रोक्का भएकोमा सोही विभागको विज्ञ टोलीले निवेदनको सन्दर्भमा सो क्षेत्रको स्थलगत अनुगमन गरी च.नं. १०३५, मिति २०८०।१२।१८ को पत्रबाट पुरातत्व विभागका प्राविधिकबाट तयार भएको ड्रइङ डिजाइन र इष्टिमेट बमोजिम उक्त योजनाको भेरिएसन आदेश २०८१।१।१० मा कार्यपालिकाबाट स्वीकृत गरिएको देखिन्छ ।

सि. नं.	योजना	लागत अनुमान भ्याट सहित	सुरु सम्झौता रकम भ्याट सहित	भेरिएसनबाट कायम नयाँ सम्झौता रकम भ्याट सहित	सम्झौता रकम भेरिएसन रु.	भेरिएसन प्रतिशत
१	ऐतिहासिक चौविसे राज्य अन्तर्गतको खाँची दरबार पुन निर्माण तथा पहुँचमार्ग निर्माण	१९५६३८६९	१५३०५४३२.६२	११९७१४२७.७२	(३३३४००४।९१)	(२१ . ७८ %)

सुरु लागत इष्टिमेट अनुसार प्रतिस्पर्धा भई सम्झौता भएपश्चात हुने आइटमवाइज परिमाण संशोधन तथा समग्र लागत अनुमानमा भेरिएसन हुदाँ भेरिएसन बमोजिमको परिमाणका लागि खुला प्रतिस्पर्धा नहुने हुदाँ योजनाहरुको डिपिआर तथा लागत अनुमान तयारीलाई अझ बढी बस्तुनिष्ठ, यथार्थपरक बनाउनुपर्ने देखिन्छ । पुर्वानुमान गर्न सकिने परिस्थितिहरुमा समेत पछि गएर भेरिएसन जारी गर्नु पर्ने अवस्था सृजना भएमा लागत अनुमान तयार गर्ने परामर्शदाता लाइ समेत जिम्मेवार बनाउनुपर्ने देखिन्छ।

२७.३ **मूल्य समायोजन भुक्तानी**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १२ महिना भन्दा बढीको निर्माण ठेक्काको संझौतामा मूल्य समायोजन दिन सकिने व्यवस्था छ । कार्यालयबाट संचालित निम्न योजनाहरुको विभिन्न समयमा भएको रु. ९ करोड ४१ लाख ९६ हजारको खरिद संझौतामा यसवर्ष सम्म निम्नअनुसार रु रु. १ करोड, १३ लाख, ६२ हजार मूल्य समायोजनबापत भुक्तानी भएको छ । मूल्य समायोजना भुक्तानी भएकका ठेक्का सम्झौता देहाय अनुसार छन् ।

क्र. सं.	योजना	ठेक्का नम्बर	सम्झौता रकम	हालसम्म मूल्य समायोजन रकम	यस वर्षको मूल्य समायोजन भुक्तानी
१	अर्घा दरवार संरक्षण र पुर्ननिर्माण	६४/०७७/७८	32283700	३०६२६१४	३०६२६१४
२	चुत्रावेसी भक्तीटोला धरम्पानी अर्घा मैदान	७/०७८/७९	६१९१३०३१	८३०००६५	१५३८०२७
	जम्मा		९४१९६७३१	११३६२६७९	४६००६४१

उल्लेखित योजनाहरु कार्यान्वयनका लागि समयमा बजेट निकासा हुन नसक्ने, भुक्तानी दिन बजेट अपुग हुने, निर्धारित समयमा तोकिए बमोजिम कार्यप्रगति नहुने जस्ता समस्या देखिएका छन् । स्रोत सुनिश्चित भएका योजनाहरु मात्र बहुबर्षीय योजनाको रुपमा कार्यान्वयन गर्नुपर्दछ । आयोजना तोकिएको Work Schedule अनुसार सम्पन्न नहुदाँ तथा GCC 48 मा व्यवस्था भए अनुसार निर्माण व्यवसायीले मासिक रुपमा IPC तथा Work update पेश नगर्दा मूल्य समायोजनबापत आयोजनालाई बढी व्ययभार पर्ने गरेको देखिन्छ । मासिक प्रगतिका आधारमा मूल्य समायोजन भुक्तानी गर्नुका साथै समयमै आयोजना सम्पन्न गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

२८ **झोलुङ्गे पुल निर्माण लागत साझेदारी कार्यक्रम (संघ हस्तान्तरित पुँजीगत)**

झोलुङ्गे पुल निर्माणका लागि लागत साझेदारी लगानी सम्झौतामा व्यवस्था भए अनुसार कुल लागतमा स्थानीय सरकार, संघीय सरकार(स्वाप) र उपभोक्ता समितिको सहभागिता क्रमश १३% ,८५% र २% हुनु पर्ने उल्लेख भएकोमा देहायका योजनाहरुमा सो व्यवस्था अनुसार लागत साझेदारी देखिएन ।

२८.१ **बाराङ्दी खोला झोलुङ्गे पुल निर्माण**

भौ.नं. ९८।२०८१।३।५ (संघीय हस्तान्तरित पुजीगत) बाराङ्दी खोला झो.पु. निर्माण साझेदारी लगानी आयोजनामा सामग्री खरिद तथा ढुवानी (खर्च शीर्षक १००) बापत रु.१६०९३८८, उपभोक्ता समितिको काम (खर्च शीर्षक २००) बापत रु. १५४०४६३ तथा सेवा प्रदायक खर्च (खर्च शीर्षक ४००) बापत रु. १०४००० र विमा खर्चबापत रु. २७१० गरी कूल रु. ३२५६५६१ खर्च भएको देखिन्छ ।

कूल खर्च रु.(सामग्री खरिद , बिमा , काम , परामर्श खर्चसमेत)			३२५६५६१
लागत साझेदार	संघीय सरकार(स्वाप) ८५ %	नगरपालिका १३%	उपभोक्ता समिति २ %
कूल खर्च अनुसार हुने लागत साझेदारी रु.	२७६८०७७	४२३३५३	६५१३१
वास्तविक लागत साझेदारी रु.	३१८७४७२	०	६९०८९
नपुग लागत साझेदारी रु.		४२३३५३	

पालिकाले व्यहोर्नु पर्ने रकम संघीय सरकारको स्रोतबाट भुक्तानी भएकोले नगरपालिकाले देहाय बमोजिमको रु. ४२३३५३ संघीय कोषमा सोधभर्ना हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	४,२३,३५३

२८.२ **बरखोला झोलुङ्गे पुल निर्माण**

भौ.नं. ९ र ९६ (संघीय हस्तान्तरित पुजीगत) बरखोला झो.पु. निर्माण साझेदारी लगानी आयोजनामा सामग्री खरिद तथा ढुवानी (खर्च शीर्षक १००) बापत रु. १७३६४०७, उपभोक्ता समितिको काम (खर्च शीर्षक २००) बापत रु. १५८९०९६ तथा सेवा प्रदायक खर्च (खर्च शीर्षक ४००) बापत रु. १०४००० र विमा खर्चबापत रु. २९९४ गरी कूल रु. ३५३६४९७ खर्च भएको देखिन्छ ।

कूल खर्च रु.(सामग्री खरिद , बिमा , काम , परामर्श खर्चसमेत)			३५३६४९७
लागत साझेदार	संघीय सरकार(स्वाप) ८५ %	नगरपालिका १३%	उपभोक्ता समिति २ %
कूल खर्च अनुसार हुने लागत साझेदारी रु.	३००६०२३	४५९७४४	७०७३०
वास्तविक लागत साझेदारी रु.	१७४०९५१	१७३६४००	५९१४६
नपुग लागत साझेदारी रु.			११५८४

उपभोक्ता समितितर्फको नपुग लागत साझेदारी रु. ११५८४ योजनाको अन्तिम बिल भुक्तानीसम्ममा मिलान गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	११,५८४

२९ **ठेक्का तथा उपभोक्ता समितिबाट रोयल्टी कट्टी**

पालिकाले यस वर्ष ठेक्का तथा उपभोक्ता समितिबाट सञ्चालित योजनाहरुले स्थानीय ढुङ्गा, गिटी, बालुवा प्रयोग गरेबापतको पटके मूल्य अभिवृद्धि कर सहित रोयल्टी रकम (अन्य कट्टी -१) बापत रु. १४,५९,५४२ असुल गरेकोमा मूल्य अभिवृद्धि करबापतको रु. १,६७,९१२ संघीय राजस्व खातामा जम्मा गरेको देखिएन । पालिकाले मूल्य अभिवृद्धि करबापत असुल गरेको रकम संघीय राजस्व खातामा जम्मा गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,६७,९१२

३० **सुचना प्रकाशन तथा प्रशारण**

विज्ञापन (नियमन) गर्ने नियमावली (संशोधन सहित) नियम ६ (क) को उपनियम (२) मा सरकारी निकायले भुक्तानी गर्दा संचार माध्यमबाट सोझै प्रकाशन वा प्रसारण भएको भए तेस्तो संचार माध्यमले जारी गरेको बिल बमोजिम तथा नियम ५ (ग) को उपनियम(३) बमोजिमको विज्ञापन एजेन्सि मार्फत प्रकाशन तथा प्रशारण गरिएको भए संचार माध्यमले जारी गरेको बिलको प्रतिलिपी सहित त्यस्ती एजेन्सिको सेवा शुल्क खुल्ने गरी एजेन्सिले जारी गरेको बिल बमोजिम नियम ५(ख) बमोजिमको दररेटको आधारमा गर्नुपर्दछ । त्यस्तै विज्ञापन (नियमन) गर्ने ऐन २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली (संशोधन सहितको) नियम ६(क) को उपदफ(३) मा संचार माध्यम वा विज्ञापन एजेन्सिलाइ रकम भुक्तानी गर्नु अघी ऐनको दफा २१ को खण्ड (ख) बमोजिमको रकम कट्टा गरी उपदफा (४) मा उपदफा(३) बमोजिम कट्टी गरिएको रकम विज्ञापन बोर्डको कोषमा जम्मा गरी सो को जानकारी बोर्डलाइ दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले एजेन्सिलाइ सुचना प्रकाशन तथा प्रशारण बापत रकम भुक्तानी गर्दा सम्बन्धित संचार माध्यमले सो एजेन्सीलाइ प्रदान गरेको सेवा शुल्क खुलेको बिलको प्रतिलिपि संलग्न गरेको देखिएन । नियममा व्यवस्था भए बमोजिम एजेन्सिले प्राप्त गरेको सेवा शुल्क खुलेको संचार माध्यमको प्रतिलिपि बिल संलग्न गरी नियममा व्यवस्था भए बमोजिम रकम कट्टा गरी विज्ञापन बोर्डको कोषमा दाखिला गर्नुपर्दछ ।

सिन	भौचर नं र मिति	एजेन्सिको नाम	रकम
१)	२०७।०८०।०९।२२	बुटवल पब्लिकेशन प्राली	२५०००
२)	२५७।०८०।१०।१९	लुम्बिनि देउराली मिडिया एजेन्सी	८०२३०
३)	२५७।०८०।१०।१९	हातेमालो मिडिया एण्ड आईटी सोलुसन प्राली	५६५००
४)	२५७।०८०।१०।१९	एन्जिला विज्ञापन एजेन्सी	३५०००
५)	२७४।०८०।१०।२६	मेरो मिडियाघर विज्ञापन एजेन्सी	२५०००
६)	५३७।०८१।०२।३०	जालकांडा साप्ताहीक विज्ञापन एजेन्सि	२८०००
७)	६११।०८१।०३।१७	लुम्बिनि देउराली मिडिया एजेन्सी	१०००००
	जम्मा		३४९७३०

३१ गैर सरकारी संस्था मार्फत खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (1) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ । साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थालाई विभिन्न कार्य गरेवापत भुक्तानी गरेको छ । तर त्यस्ता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ । पालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ । साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा अनुगमन प्रतिवेदन बेगर भुक्तानी गरेको पाईयो। आवश्यक प्रकृया तथा कागजात र खरिद बिधि वेगर सोझै सम्झौता गरी भूक्तानी गरेको नियमसम्मत देखिएन ।

सि.नं	मिति र भौचर नं	भुक्तानी पाउने संस्था	रकम	कार्यक्रम
२	३०९।०८०।११।२१	बोर्डरलेस मिडिया हब प्राली	१०००००	सुशासन कार्यक्रम
३	३७५।०८०।१२।१६	नेपाल पत्रकार मशासंघ अर्घाखांची	३०००००	पर्यटन प्रवर्द्धन
४	५७६।०८१।०३।०९	नेपाल मिडिया नेटवर्क सन्धिखर्क	९९८००	युवा क्षमता विकास
	जम्मा		४९९८००	

३२ कन्टिन्जेन्सी खर्च

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) सँग सम्बन्धित निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची- १ अनुसार कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा कार्यविधि स्वीकृत गरेरमात्र कन्टिन्जेन्सी रकम खर्च गर्न पाइने व्यवस्था छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत

कन्टिन्जेन्सीबापत थप गर्नै व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष कूल खर्च रु. ३३ करोड ९२ लाख ५४ हजार पुजीगत खर्च गरेकोमा रु. ५३ लाख ८५ हजार कन्टिन्जेन्सी कट्टी गरेको देखिन्छ । कट्टा गरेको कन्टिन्जेन्सी मध्ये रु. २३ लाख ७५ हजार कन्टिन्जेन्सीबापत खर्च गरेको छ जुन कूल पुजीगत खर्चको करिब ०.७% हुन आउछ । पालिकाले यस वर्ष कट्टा गरेको कन्टिन्जेन्सी रकमबाट अधिकांश योजनाहरुकै भुक्तानी गर्ने गरेको देखिन्छ । पालिकाले कन्टिन्जेन्सी खर्चको शीर्षकगत अभिलेख अद्यावधिक गरेको देखिएन । कन्टिन्जेन्सी खर्चसम्बन्धी थप व्यहोरा देहाय अनुसार छन्:

क) कार्यविधि तयार नगरेको : पालिकाले योजनाहरुको कन्टिन्जेन्सी खर्चसम्बन्धी कार्यविधि तयार गरी स्वीकृत गरेको देखिएन । कन्टिन्जेन्सी खर्चसम्बन्धी कार्यविधि तयार गरी लागु गर्नुपर्ने देखिन्छ ।

ख) नापी किताबमा प्रविष्टि नगरेको : सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

ग) बजेटको आधारमा कन्टिन्जेन्सी कट्टी गरेको : पालिकाले कन्टिन्जेन्सी रकम कट्टा गर्दा योजनाको स्वीकृत बजेटको आधारमा नभई योजनामा भएको वास्तविक पुजीगत खर्चको आधारमा कट्टा गर्नुपर्दछ । यसरी कट्टा गरिएको कन्टिन्जेन्सी रकम खर्च गर्दा सोही सीमाभित्र रही खर्च गर्नुपर्दछ ।

घ) कन्टिन्जेन्सी खर्चको अभिलेख : कन्टिन्जेन्सी खर्च गर्दा मष्टरोल ज्याला, सवारी साधन मर्मत, दैनिक भ्रमण भत्ता, इन्धन,स्टेशनरी, छपाइ, सूचना प्रकाशन, मर्मत सम्भार, खप्ने मालसामान लगायतका वर्कचार्ज स्टाफ खर्च तथा सानातिनाखर्चको अभिलेख राखी सार्वजनिक खरिद ऐन, नियम बमोजिम प्रक्रिया उक्त खर्चलाई समेत वार्षिक खरिद योजनामा समावेश गरी नियमको व्यवस्था अनुसार खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ । कार्यालयले नगरी नहुने कार्यमा सम्बन्धित योजनामा मात्र औचित्यपूर्णतबरले खर्च गरी कन्टिन्जेन्सी खर्चलाई नियन्त्रणमुखी एवं मितव्ययी बनाउनुपर्दछ ।

३३ **समपूरक अनुदानमा लागत साझेदारी**

समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को बुदाँ नं. ६(१) अनुसार नेपाल सरकारले आयोजना/कार्यक्रमको कूल लागतको ५० प्रतिशत रकम समपुरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्थाबमोजिम ५० प्रतिशत रकम नेपाल सरकार समपुरक अनुदान र बाँकी रकम पालिकाको अन्य श्रोतबाट व्यहोर्नुपर्ने देखिन्छ। पालिकाले देहाय अनुसारका योजनाहरुमा घटी लागत साझेदारी गरेको देखिएको छ ।

३३.१ **ढोरपाटन बेहोरे कुर पल्लावारी ढुवारगच्छे सडक स्तरोन्नति**

ठेक्का नं. ९-०७९।८० ढोरपाटन बेहोरे कुर पल्लावारी ढुवारगच्छे सडक स्तरोन्नतिका लागि रायमाझी जयमाता खनाल जे.भी.सँग २०७९।१२।५ मा २०८१।२।३ भित्र कार्यसम्पन्न गर्ने गरी रु. ७,७६,८१,८०२ बराबरको सम्झौता भएकोमा पाचौं रनिङ बिलसम्म रु. ४,४२,८४,९६१ (मू.अ.कर सहित) को प्राविधिक मूल्यांकन भई भुक्तानी भएको देखियो । कार्यविधि अनुसार दुबै श्रोतबाट ५०:५० प्रतिशत रकम अर्थात रु. २,२१,४२,४८० भुक्तानी हुनुपर्नेमा नेपाल सरकार समपुरक अनुदानबाट रु. २,७६,४६,११६ र पालिकाको आन्तरिक श्रोतबाट रु. १,६६,३८,८४५ भुक्तानी देखिन्छ । कार्यविधिको व्यवस्थानुसार पालिकाबाट नपुग लागत साझेदारी रु. ५५,०३,६३५ अन्तिम बिल भुक्तानीसम्म स्रोत मिलान गर्नुपर्दछ ।

आ.व.	जम्मा	न पा आन्तरिक श्रोत	नेपाल सरकार
०७९।८०	५३३०००१	१५६००००	३७७०००१
०७९।८०	३८९५४९६०	१५०७८८४५	२३८७६११५
जम्मा	४४२८४९६१	१६६३८८४५	२७६४६११६
लागत साझेदारी		२२१४२४८०	२२१४२४८०
नगरपालिकाबाट नपुग		५५०३६३५	

३३.२ **चुत्राबेशी भक्तिटोल धरम्पानी अर्घा मैदान सडक**

ठेक्का नं. ७-०७८।७९ चुत्राबेशी भक्तिटोल धरम्पानी अर्घा मैदान सडक निर्माणका लागि रायमाझी जयमाता खनाल जे.भी.सँग २०७८।११।९ मा २०८०।१०।२६ भित्र कार्यसम्पन्न गर्ने गरी रु. ६,१९,१७,९०० बराबरको सम्झौता भएकोमा अन्तिम बिलसम्म रु. ७१३४२६९१ (मूल्य समायोजन र मू.अ.कर सहित) को कार्य स्वीकार भई भुक्तानी भएको देखियो । कार्यविधि अनुसार दुबै श्रोतबाट ५०:५० प्रतिशत रकम अर्थात रु. ३५६७१३४५ भुक्तानी हुनुपर्नेमा नेपाल सरकार समपुरक अनुदानबाट रु. ३८१०२९८२ र पालिकाको आन्तरिक श्रोतबाट रु. ३३२३९७०९ भुक्तानी भएको देखिन्छ । कार्यविधिको व्यवस्था अनुसार पालिकाबाट नपुग लागत साझेदारी रु. २४३१६३६ रहेकोमा भुक्तानी दिनबाँकी रु. २००००० पालिकाबाट भुक्तानी हुने गरी अर्को वर्षलाई दायित्व सारेकोमा बाँकी रु. २२३१६३६ संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

आ.व.	जम्मा	न पा आन्तरिक श्रोत	नेपाल सरकार
०७८।७९	२०२६२५८९	२८७७१६	१९९७४८७३
०७९।८०	३०९८०८२९	१३४८०८२९	१७५०००००
०८०।८१	१८९३२३७९	१८९३२३७९	
कन्टिन्जेन्सी खर्च	११६६८९४	५३८७८५	६२८१०९
जम्मा	७१३४२६९१	३३२३९७०९	३८१०२९८२
लागत साझेदारी		३५६७१३४५	३५६७१३४५
नगरपालिकाबाट नपुग		२४३१६३६	

प्रमाण पेश नगरेको	२२,३१,६३६

३४ **क्रमागत योजनाको दायित्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १० को उपदफा १(ग) अनुसार सम्भाव्यता अध्ययन भई स्वीकृत भइसकेका तथा क्रमागत रुपमा कार्यान्वयनमा रहेका आयोजनाको हकमा खरिद गुरुयोजना, वार्षिक खरिद योजना वा सम्झौता अनुसार आगामी वर्षको कार्ययोजना र प्रतिफल प्राप्तिको लागि आवश्यक बजेट विनियोजन गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा २४(३) बमोजिम रितपूर्वक कागजात पेश भएको पन्ध्र दिनभत्र भुक्तानी आदेश दिनुपर्ने व्यवस्था छ । कार्यालयले सम्भाव्यता अध्ययन भई स्वीकृत भइसकेका तथा क्रमागत रुपमा कार्यान्वियन भएका देहायका योजनाहरुमा बजेट अभाव जनाई निम्नअनुसारको रकम यस वर्ष भुक्तानी बाँकी राखेकोमा आ.व. ०८१।८२ मा समेत संघीय सरकारबाट बजेट विनियोजन नभएकोले योजना निर्धारित समयमा सम्पन्न

नहुने अवस्था रहेको देखिन्छ ।यसले योजना अधुरो भई समग्र सामाजिक तथा आर्थिक लागत बढाउने हुदाँ आगामी कार्ययोजना र प्रतिफल प्राप्तिको लागि आवश्यक बजेट विनियोजन हुनुपर्दछ ।

क्र.सं.	ठेक्का नं	योजना	स्रोत	कार्यालयको अनुसार भुक्तानी बाँकी (रु . हजार)	बजेट व्यवस्थापनको अवस्था
१	५०/७७/७८	कोल्ड स्टोर निर्माण	संघ समपूरक	१०९०८४१	०८०।८१ मा संघबाट बजेट व्यवस्था नभएको
२	५/०७९/८०	स्वास्थ्य चौकी भवन निर्माण वडा नं ७, ८ , ११	संघ विशेष अनुदान	३०३९७६९५	०८१।८२ मा संघबाट बजेट विनियोजन नभएको
३	६/०७९/८०	भगवती आ. वि . भवन निर्माण	विशेष अनुदान	७८५९८०५	०८१।८२ मा संघबाट बजेट विनियोजन नभएको
४	९/०७९/८०	ढोरपाटन बेहोरे कर पल्लावारी दुवार गच्छे सडक स्तरोन्नति	संघ समपूरक	११३४१०००	०८१।८२ मा पालिकातर्फबाट मात्र बजेट विनियोजन रहेको
		जम्मा		५०६१९३४१	

३५ सुरक्षित नागरिक आवास कार्यक्रम

३५.१ कार्यान्वयनको अवस्था

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ को दफा ५ उपदफा ७ र ८ अनुसार सम्झौता भएका लाभग्राहीलाई पहिलो किस्ता बापत सम्बन्धित स्थानीय तहसँग सम्झौता भएपछि साठी प्रतिशत रकम उपलब्ध गराइने र दफा ८ मा निर्माण कार्य सम्पन्न भएको भनी सम्बन्धित स्थानीयतहको प्राविधिकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा सम्बन्धित स्थानीय तहबाट लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्ता बापत चालिस प्रतिशत अनुदान रकम उपलब्ध गराइने उल्लेख छ । यस पालिका अन्तर्गत आर्थिक बर्ष ०७६।७७ देखि यो कार्यक्रम सुरुवात भएकोमा २०८०।८१ आषाढ मसान्तसम्मको अवस्था देहाय अनुसार देखिन्छ ।

कूल छनोट लाभग्राही संख्या	०८०।८१ मा प्रथम किस्ता सम्झौता संख्या	हालसम्म सम्झौता भएको लाभग्राही संख्या	हालसम्म प्रथम किस्ता बुझ्ने संख्या	हालसम्म दोश्रो किस्ता बुझ्ने संख्या	हालसम्म दोश्रो किस्ता बुझ्न बाँकी	हालसम्म सम्झौता हुन बाँकी घरधुरी
१०५१	३०	२०५	२०५	१७३	३२	८४६

पालिकाले सुरक्षित नागरिका आवास कार्यक्रमतर्फ आर्थिक बर्ष ०७६।७७ देखि २०८०।८१ सम्म जम्मा रु. १,१३,३५,००० खर्च गरेको छ । सोमध्ये प्रथम किस्ताबापत रु. ७३,६५,००० खर्च भएको छ भने दोश्रो किस्ताबापत रु. ३९,७०,००० खर्च भएको छ । यस आ.व. ०८०।८१ मा मात्र पालिकाले सुरक्षित नागरिक आवासतर्फ रु. ३०,००,००० खर्च गरेको देखिन्छ । पालिकाले छनोट भएका लाभग्राही संख्या मध्ये आर्थिक बर्ष ०७६।७७ देखि २०८०।८१ आषाढ मसान्तसम्म २०५ जना मात्र लाभग्राहीसँग अनुदान सम्झौता गरेको देखियो । छनोट भएका मध्ये अझै ८४६ जना घरधुरीसंग अनुदान सम्झौता हुन बाँकी रहेको अवस्था छ । यस वर्ष मात्र पालिकाले ३० वटा घरधुरीसँग अनुदान सम्झौता गरेको देखिन्छ । यही अनुपातमा अनुदान सम्झौता गर्दै जादा पालिकालाई पूर्ण रुपमा पराल वा खरको छानो विस्थापित गर्न करिब २८ वर्ष थप लाग्ने देखिन्छ । पालिकाले पर्याप्त बजेट विनियोजन गर्नेतर्फ पहल गरी सम्झौता गर्न बाँकी रहेका लाभग्राहीसँग समेत समयमै अनुदान सम्झौता गर्नेतर्फ ध्यानदिनुपर्ने देखिन्छ ।

३५.२ अनुगमन

कार्यविधिको दफा ६ मा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा अनुदान उपलब्ध गराइएको मितिले तीन महिनाभित्र निर्माण कार्यको कार्य सम्पन्न नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्ने समेत व्यवस्था छ । पालिकाले आ.व. ०८०।८१ सम्म जम्मा २०५ वटा घरधुरीसँग अनुदान सम्झौता गरी प्रथम किस्ता भुक्तानी गरेकोमा हालसम्म १७३ वटा घरधुरीको मात्र कार्यसम्पन्न पेश भई दोश्रो किस्ता भुक्तानी भएको अवस्था छ ।

बाँकी ३२ जनालाई प्रथम किस्ताबापतको रु. १४१०००० भुक्तानी भएकोमा ३० जनाले कार्यसम्पन्न गरिसकेको तर बजेट अभावले भुक्तानी हुन बाँकी रहेको र २ जनाले कार्यसम्पन्न नगरेको कार्यालयले जनाएको छ । कार्यविधिमा उल्लेख भएबमोजिम पालिकाले अनुगमन गरी अनुदान उपलब्ध गराइएको मितिले तीन महिनाभित्र निर्माण कार्यको कार्यसम्पन्न नगर्नेबाट रकम असुल गरी सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

३६ निर्मित संरचना भत्किएको अवस्था

अर्घाभगवती मन्दिर तथा अर्घादरबार निर्माण योजनाको २०८०।५।३० भित्र कार्यसम्पन्न भइ पालिकाले कार्यस्वीकार प्रतिवेदनसमेत तयार गरी अन्तिम बिल भुक्तानी भई सकेको अवस्था रहेकोमा लेखापरीक्षणको क्रममा २०८१।५।१५
गते लेखापरीक्षण टोली र कार्यालयका प्रमुख प्रशासकीय अधिकृत, प्राविधिक, योजना प्रमुखसमेतको संलग्नतामा स्थलगत अनुगमन गर्दा मन्दिर परिसरको बाटोको केही भागमा माटोको कम्प्याक्सन नपुगेको कारण जमिन धसिएर छेउको Kerb भत्किएको, बाटोमा प्रयोग भएको Base, Stone Dust बगाएको, इन्टरलक ब्लकहरु उप्किएर बाटोमा झार उम्रिसकेको अवस्था देखियो ।

अर्घा भगवती मन्दिर परिसरमा निर्मित संरचना भत्किएको अवस्था

उक्त क्षतिको कार्यालयले प्राविधिक मूल्यांकन तयार गरेको तथा पुन: निर्माणको लागि निर्माण व्यवसायीलाई पत्राचार गरेको देखिएन। योजनाको Defect Liability Period भित्रको दायित्व निर्माण व्यवसायीको हुने हुदाँ सम्बन्धित निर्माण व्यवसायीबाट उक्त कार्य गराएर मात्र कार्यसम्पन्न प्रतिवेदन तयार हुनुपर्ने अन्यथा क्षतिको मूल्यांकन गरी उक्त बराबरको रकम असुल गर्नुपर्ने देखिन्छ ।

३७ डिपिआर तयारी

यस वर्षको डि पि आर खर्च

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्मस, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हालसम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाइन्छ । नर्मस निर्धारण गरी लागत अनुमान तयार गर्नु पर्दछ । पालिकाले यस वर्ष गराएको डिपिआर सम्बन्धि व्यहोरा यस प्रकार छन् :

क्र.सं.	बजेट उपशीर्षक र योजना	खर्च	खरिद विधि	कार्यान्वयनको अवस्था
१	बहुउद्देश्यीय सभाहल भवन सनपा ७ को विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयार	४९४०३७	सोझै दररेट माग गरी	आ व २०८१/८२ मा कार्यान्वयन हुने

१. विज्ञसँगको सम्झौता

डिपिआर खरिद गर्दा योजनाको कार्यक्षेत्र अनुसार आवश्यक विज्ञहरु मात्र समावेश गर्नुपर्ने तथा सम्बन्धित विज्ञहरुबाट गर्नुपर्ने कामका सम्बन्धमा कार्यक्षेत्रगत शर्तमा उल्लेख हुनुपर्दछ । विभिन्न विज्ञहरु समावेश भएकोमा सबै विज्ञहरुको कामका सम्बन्धमा कार्यक्षेत्रगत शर्तमा उल्लेख भएको देखिएन । परामर्शदाताले विभिन्न विज्ञहरुको व्यक्तिगत विवरण प्रस्ताब गरेको भएता पनि प्रस्तावित विज्ञहरुसँगको करार सम्झौता पेश नभएकोले उल्लेखित अनुभव भएका विज्ञहरुबाट कार्यसम्पन्न भएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था रहेन । कार्यालयले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३८ शिक्षातर्फ सशर्त अनुदान

३८.१ सामाजिक परीक्षण र वित्तीय लेखापरीक्षण

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ बमोजिम यस पालिका अन्तर्गतका १० माध्यमिक विद्यालय र ५६ आधारभुत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परीक्षण तथा लेखापरीक्षण बापत रु ७१०००० निकासा दिएकोमा सबै विधालयहरुले लेखापरीक्षण गराई पारदर्शिता र जवाफदेहिताको सुनिश्चितताको लागि यस आर्थिक वर्षको पहिलो त्रैमासिक निकाशा दिनु अघि सम्म सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म केहि विधालयहरुको आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन ।नियममा व्यवस्था भए बमोजिमको कार्य गराउनेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ।

३८.२ शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)

कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०८०।८१) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १–८) प्रति विद्यार्थी वार्षिक रु ४०० का दरले, सिमान्तकृत एंव तोकिएको लक्षित समुहलाई रु ५०० को दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १–५ प्रति विद्यार्थी वार्षिक रु १५० का दरले, कक्षा ६–१० प्रति विद्यार्थी वार्षिक रु २०० का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु ५०० का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु २०० का दरले अनुदान दिने व्यवस्था छ ।कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन।जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सोही आधारमा मात्र अनुदान निकासा दिनुपर्दछ।

३८.३ शैक्षिक प्रतिवेदन

अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ ।पालिकाले उक्तानुसार प्रतिवेदन पेश गरेको देखिएन । कानूनमा व्यवस्था भए बमोजिम शैक्षिक प्रतिवेदन तयार गर्नु पर्दछ।

३८.४ इन्टरनेट जडान

शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित "कार्यक्रम कार्यान्वयन पुस्तिका, आ व ०७९।८० को क्रियाकलाप नं २.७.१३.१० मा प्रत्येक स्थानीय तहले विधालय सञ्चालन तथा व्यवस्थापन अनुदान दिन सक्ने व्यवस्था छ। कार्यालयले सञ्चालन तथा व्यवस्थापन अनुदान मार्फत सामुदायिक विधालयको शैक्षिक कार्यक्रमलाई गति प्रदान गर्न ४५ सामुदायिक विद्यालयहरुलाई प्रति विधालय रु १२,००० को दरले रु ५,४०,०००/- इन्टरनेट जडानका लागि अनुदान प्रदान गरिएकोमा सम्बन्धित प्रयोजनमा खर्च भए नभएको र इन्टरनेट जडान र सञ्चालन सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ ।

३९ शिक्षातर्फ सशर्त अनुदानः

३९.१ विद्यालयगत निकासा रजिष्ट्रर

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ ।कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन।जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ ।

३९.२ वालविकास सहजकर्ता र विधालय कर्मचारी पारिश्रमीक

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप १.१.४.१ मा प्रारम्भिक बाल विकास शिक्षकको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदानमा प्रारम्भिक बाल विकास शिक्षकको पारिश्रमिक वितरण गर्नुपूर्व स्थानीय तहका लागि स्वीकृत कोटा र स्थानीय तहको आफ्नौ स्रोतबाट स्रोत व्यवस्थापन अनुमति प्राप्त बाल विकास केन्द्रको छुट्टाछुट्टै अभिलेख तयार गरी यस क्रियाकलापमा विनियोजित रकमबाट संघीय सरकारबाट स्रोत व्यवस्थापन हुने विद्यालयगत बालविकास केन्द्र संख्या एकिन गरि स्थानीय तहले विद्यालय र विद्यालयसँग मातृसम्बन्ध स्थापना गरि संचालनमा रहेका प्रारम्भिक बाल विकास शिक्षकको पारिश्रमिक प्रति महिना रु १००००, विधालय कर्मचारीको प्रतिमहिना रु १३५०० र विधालय सहायकको प्रतिमहिना रु ८००० को दरले चाडपर्व खर्चसहित १३ महिनाको हुन आउने रकम विद्यालयको खातामा अनुदान दिने व्यवस्था छ । स्थानीय तहले प्रारम्भिक बाल विकास शिक्षक , विद्यालय कर्मचारी र विधालय सहायकको पारिश्रमिक व्यवस्था गर्दा नेपाल सरकारले निर्धारण गरे बमोजिम मासिक न्यूनतम पारिश्रमिकमा उल्लेखित रकममा नपुग हुने रकम थप गर्नुपर्ने व्यवस्था रहेकोमा निम्नानुसारका चार वटै त्रैमासिकमा समानिकरणवाट भुक्तानी हुनुपर्ने पारिश्रमिक बापतको रकम रु १,२२,६१,००० समेत संघिय सशर्तबाट भुक्तानी गरेको छ। यस सम्बन्धमा संघीय सरकारका चालु आयोजनाको रकम निकासा नभएकोले स्रोतको कमी भएको हुँदा विद्यालयका कर्मचारीको पालिकाले व्यहोर्नु पर्ने रकम शशर्तबाट भुक्तानी दिएको पालिकाले जनाएको छ। पालिकाले व्यहोर्नु पर्ने रकम संघीय सरकारको शशर्त अनुदानबाट खर्च लेख्न नमिल्ने भएकोले उक्त रकम संघीय संचितकोषमा फिर्ता हुनु पर्दछ।

क्रस	त्रैमासिक	जम्मा भुक्तानी	पालिका तर्फबाट भुक्तानी हुनुपर्ने		भौचर नं
			बालविकास शिक्षक	विधालय कर्मचारी	
१	प्रथम	७६१७९१००	१४२००००	१९३६०००	
२	दोस्रो	५९४१९६५५	१३६५०००	१४६४०००	८१-०८०।१०।५
३	तेस्रो	६४९०६६१९	१३६५०००	१४७३०००	१२६-०८१।१।४
४	चौथो	५९८२०४२६	१३६५०००	१४७३०००	२३३-०८१।३।९
	जम्मा		५९१५०००	६३४६०००	१२२६१०००

प्रमाण पेश नगरेको	१,२२,६१,०००

३९.३ **शैक्षिक तथ्यांक**

पालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित आ.ब. २०८०/८१ को कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएका व्यवस्था बमोजिम गर्नुपर्दछ ।कार्यालयले कृयाकलाप नं १.१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापत चौमासिक रुपमा तलव भत्ता वापतको रकम सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखे को छ ।विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS) २०७९ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउन पर्नेमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा पालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा पालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी यकिन गर्न सकिएन । विद्यालयबाट प्राप्त शैक्षिक तथ्याङ्क सहि भए नभएको सम्बन्धमा सत्यापन गराएरमात्र अनुदान निकासा दिनु पर्दछ।

३९.४ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६३ सामुदायिक विद्यालयहरुमा ३७७ शिक्षक दरवन्दी रहेको छ भने १२४ जना करारमा पदपूर्ति गरि पठनपाठन सञ्चालन भई रहेको अवस्था छ।पालिकाको शिक्षक विधार्थि अनुपात हेर्दा कुल विधार्थी संख्या ८१९६ जना रहेकोमा श्री जोगीकुटी आविमा १३ विद्यार्थि रहेकोमा २ जना शिक्षकले पठनपाठन सञ्चालन गरेको देखिन्छ भने श्री बलेबाङ आविमा ११६ विद्यार्थी हुँदा समेत ४ जना शिक्षक दरवन्दी रहेको देखिन्छ।यसैगरि श्री जनज्योती माविमा १२४९ जना विद्यार्थी हुँदा समेत २२ जना शिक्षक दरवन्दी रहेको देखिन्छ भने श्री जनता कृष्ण माविमा ३६६ जना विधार्थी हुँदा २५ शिक्षक पदपुर्ति रहेको देखिन्छ।यसरी दरवन्दी मिलान नगर्दा शैक्षिक गुणस्तरमा असर पर्ने भएकोले रिक्त दरबन्दी पूर्ती तथा विद्यार्धी संख्या र भौगोलिक अवस्था अनुसार विद्यालय आपसमा गाभी शिक्षक विद्यार्थी अनुपात मिलान गर्नु पर्दछ।

४० **नर्मस भन्दा बढी भुक्तानी**

नर्मस भन्दा बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३ (२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिति गठन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी साधनको विवरण, स्पेशिफिकेसन, ढुवानी सम्बन्धी आभारभुत नम्स, लोड अनलोड र जिल्ला दर रेट जस्ता बिषयहरुलाई बिचार पुर्याउनुपर्ने उल्लेख छ ।तर पालिकाले गो भौ नं २१२ मिति २०८१।३।२ मा विधालय शैक्षिक गुणस्तर सुद्दढीकरण एंव कार्यसम्पादनमा आधारित अनुदान वापत श्री जनता कृष्ण मा वि वडा नं ८ का प्रधानअध्यापक श्री यम प्रसाद शर्मालाई एकमुष्ठ भुक्तानी दिई विधालयको कम्पाउन्डमा ईन्टरलक इटा लगाउने कार्यको ढुवानीमा बढी भुक्तानी दिएको देखिन्छ।ढुवानीको दर विश्लेषण गर्दा प्रति घनमिटर ९ किमिको ढुवानी लोड अनलोड सहित रु ५५३ पर्न जान्छ।एउटा इटा ०.२२६×०.२×०.०५ घनमिटर हुने हुँदा ८८०० इटाको १९.८८ घनमिटरलाई प्रति घनमिटर रु ५५३ ले कुल रु ११००० हुने गर्दछ।दुवानी नम्स भन्दा बढी भरपाई गरी रु ६०००० भुक्तानी दिएकोले यकिन गरी बढी भुक्तानी रकम असुल गरी सँघिय सञ्चितकोष दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	४९,०००

४१ **स्यानिटरी प्याडः**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुलाई वितरण गरेको भरपाई

राख्नुपर्ने व्यवस्था छ। पालिकासँग गत वर्षको मौज्दात नभएकोले यस वर्ष जस्मिन हाईजेन्सी प्रोडक्ट प्रालिबाट प्रति प्याकेट ३७/- को दरले ३५५०० थान खरिद गरि कुल रु १३,१३,५००/- खर्च गरेकोमा २६००० प्याकेट वितरण गरि ९५०० प्याकेट नगर स्टोरमा मौज्दात रहेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा नराखेको भण्डार निरफक्षणबाट दखियो। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

४२ **स्वास्थ्यतर्फ सशर्त अनुदान**

४२.१ औषधी खरिद

पालिकाले ई बिडिङ् मार्फत पहिलो पटक गो भौ नं ९४ मिति २०८०।१०।२६ मा कियु ईन्टरनेशनलबाट रु ६,२५,८३७/- दोस्रो पटक गो भौ नं १५७ मिति २०८१।२।७ मा सोही मेडिसिन फर्माबाट रु. ७,६३,८२६/- को र बाँकी कोटेशन मार्फत गो भौ नं ४१ मिति २०८१।३।१७ मा समुन्द्र मेडिको फर्माबाट रु. ४,९८,९८०/- गरि कुल रु. १८,८८,६४३/- को औषधि खरिद गरेको छ । खरिद गरीएका औषधि निःशुल्क वितरणको लागि भनि लोगो उल्लेख गरेको भएता पनि आपूर्ति हुने औषधि WHO GMP सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको, आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको, औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको लगायतका व्यहोरा देखिएका छन् । औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने, आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको खुलाउने, औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउने, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने लगायतका कार्य गरी औषधी व्यव्थापनलाई प्रभावकारी बनाउनु पर्दछ।

४२.२ स्वास्थ्यकर्मीहरुको तलबी प्रतिवेदन

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को ७क मा स्वास्थ्य चौकी तथा अस्पतालमा स्थायी दरवन्दीमा रहेका स्वास्थ्यकर्मीहरुलाई तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ |पालिकाले यो वर्ष स्थायी दरवन्दीमा कार्यरत ६ वटा स्वास्थ्य चौकी सहित ५ आधारभुत चौकीमा कार्यरत स्थायी स्वास्थ्यकर्मीहरुको तलवी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिवेदन पारित नगराई वार्षिक रु. २,४५,३४,९६०/- तलब खर्च लेखेकोले ग्रेड रकम यकिन हुन सकेन। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा वढी ग्रेड भुक्तानी हुन सक्ने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४२.३ बढी व्ययभार

कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नु पर्दछ। पालिकाले गो भौ नं १५७ मिति २०८१।२।७ मा ५५ प्रकारका औषधीहरु कियु ईन्टरनेशनलबाट बोलपत्र मार्फत खरिद गरेको दर भन्दा सोही औषधी गो भौ नं ४१ मिति २०८१।३।१७ मा समुन्द्र मेडिको फर्माबाट रु.४९८९८० मूल्यमा औषधि कोटेशनबाट खरिद गर्दा रु.१७९९०१ बढी व्ययभार परेको देखियो।बार्षिक रुपमा आवश्यक औषधिको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गरी मितव्ययिता कायम गर्नु पर्दछ।

४२.४ **औषधी प्रयोग तथा उपयोग**

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ ।आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ।

त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले औषधि खरिद वापत विभिन्न ३ फर्मलाई रु १८,८८,६४३/- भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको देखिएन। आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना eLMIS मा पूर्ण रुपमा रहेको छैन, पालिकाले एकमुष्ट रुपमा सबै स्वास्थ्य चौकीमा दामासाहीका दरले औषधी हस्तानतरण गर्ने गरेको छ, स्वास्थ्य चौकिले सो को आम्दानी र खर्चको स्पष्ट अभिखेल राखेको प्रमाण पेश नहुँदा स्वास्थ्य चौकीमा औषधिको प्रयोग र मौज्दातको अवस्था एकिन गर्न सकिएन ।पालिकाले दिएको eLMIS को विवरण अनुसार २८ प्रकारका ३९८९७ वटा औषधीको म्याद समाप्त भएको देखिन्छ।म्याद समाप्त भएका औषधीको केहि विवरण तल उल्लेख गरिएको छ।औषधिको म्याद समाप्त भएको सम्बन्धमा केन्द्र तथा प्रदेसबाट कम म्याद भएका औषधि प्राप्त भएकोले प्रयोय हुनु अगावै म्याद समाप्त भएको कार्यालयको भनाई रहेको छ। केन्द्र र प्रदेश र स्थानीय तह विच समन्वय गरी औषधिको माग र आपूर्ति प्रणालीलाई यथार्थ परक बनाउनु पर्दछ।

औषधीको नाम	**म्याद समाप्त भएको मिति**	**संख्या**
Ethambutol 100 mg	30 Apr 2024	**360**
Bcg 20 dose	31 Oct 2023	**86**
Bopv 10 dose	31 Mar 2024	**124**
Ferrous Sulphate 60 mg	31 Oct 2023	**20000**
Japanese Encephalities 5 dose	09 Feb 2024	**181**
Depo Injectible	30 Jan 2024	**425**
Vitamin A capsule	30 APR 2023	**5000**
Rutf capsule	21 JUN 2024	**300**
Measles 10 dose	31 May 2024	**161**
Chlorpheniramine 4 mg tablet	31 May 2023	**2000**
Metformin 500 mg	30 Nov 2023	**300**
Albendazole 400 mg	30 sep 2023	**8000**
Ibuprofen 400 mg	30 Nov 2023	**500**
Rifampicin 75 mg	31 Mar 2024	**672**
Rota Virus Vaccine	31 Mar 2024	**235**
Pfizer 6 doze	31 Jul 2023	**1042**
Typhoid Conjugate Vaccine	31 Jan 2024	**112**

४३ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिकामा गत वर्ष ५५ थान मौज्दात रहेकोमा यस वर्ष बुटवल ईन्टरनेशनल सप्लायर्सबाट प्रति थान रु ८९८ /-(भ्याट सहित) ले ११० थान खरिद गरि कुल रु ९८७८०/- खर्च गरेको पाईयो। यस वर्ष ५८ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको कुल १६५ थानबाट ५८ थान प्रसुतिलाई वितरण गरि ९६ थान नगरपालिका स्टोरमा र ११ थान स्वास्थ्य चौकीहरुमा भण्डार गरि मौज्दातमा रहेका देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४४ कृषितर्फ सशर्त अनुदान

४४.१ दोहोरो अनुदान

कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को बुदाँ नं ८ (२) मा व्यवस्था भए अनुसार अनुदान वितरणका कार्यक्रमहरु कार्यन्वयन गर्दा नेपाल सरकार, स्थानीय तह तथा अन्य निकायबाट उस्तै प्रकृतिका कार्यक्रम तथा अनुदानमा दोहोरो नपर्ने गरी प्रदेश कार्यालयले कार्यान्वियनको व्यवस्था मिलाउने उल्लेख छ।पालिकाले कृषी ४० प्रतिशतमा अनुदानमा देहाय बमोजिम यन्त्र उपकरण उपलब्ध गराएकोमा एउटै व्यक्तीलाई एकै प्रकृतिका उपकरण पटक पटक उपलब्ध गराएको देखियो।यस सम्बन्धमा मकै प्रवर्धन कार्यक्रम अन्तरगत समुहका अध्यक्षले कृषि औजार बुझिलिई आफ्ना सदस्यहरुलाई हस्तान्तरण गरेको र सोको भर्पाई बुझाएकोले दोहोरे नपरेको कार्यालयले जनाएको छ। एकै प्रकृतिका उपकरण एउटै समुहका सदस्यलाई पटक पटक उपलब्ध गराउदा अन्य समुहलाई उपलब्ध गराउन अपुग हुन सक्ने भएकोले एक प्रकृतिको उपकरण एक समुदायका सदस्यले आलोपालो प्रयोग गरेमा मितव्ययी र प्रभावकारी हुने भएकोले कार्यालयले यस तर विचार गर्नु पर्दछ।

समूह /सहकारीको नाम	कृषकको नाम	ठेगाना	कार्यालयले व्यहोर्ने अनुदानमा रकम	कृषकले व्यहोर्ने अनुदान रकम	दोहोरो परेको न्युनतम अनुदान	उपलब्ध गराएको सामानको प्रकृति
भुमिकास्थान कृषक समुह	बावुराम वस्याल	स.न.पा-४	३७०००	३७०००	५५०००	
भुमिकास्थान कृषक समुह	बावुराम बस्याल	स.न.पा-४	१८०००	१८०००		
भुमिकास्थान कृषक समुह	बाबुराम वस्याल	स.न.पा.-४	४०४००	६०६००		
प्रगतिशिल कृषक सहकारी सस्था	नारायण प्रसाद भूसाल	स.न.पा-८	९६५००	९६५००	३४२००	
प्रगतिशील कृषक सहकारी संस्था लि.	नारायण प्रसाद भुसाल	स.न.पा-८	१८०००	१८०००		
प्रगतिशिल कृषि सहकारी संस्था लि	नारायण प्रसाद भुसाल	स.न.पा.-८	१०८००	१६२००		
नवदुर्गा कृषि तथा पशुपन्छी समुह	विष्णु प्रसाद पाण्डे	स.न.पा-५	१३५००	१३५००	१३५००	
नव दुर्गा कृषि तथा पशुपन्छी कृषक समुह	विष्णु प्रसाद पाण्डे	स.न.पा-५	१३५००	१३५००		
गोपेश्वर कृषि सहकारी संस्था लि.	कृष्ण प्रसाद भुसाल	स.न.पा-५	१३५००	१३५००	१३५००	
गोपेश्वर कृषि सहकारी संस्था लि	कृष्ण प्रसाद भुसाल	स.न.पा.-५	३८४००	५७६००		
नरपानी साना किसान कृ स संस्था लि	कृष्ण प्रसाद भट्टराई	स.न.पा.-६	१०८००	१६२००	३२४००	
नरपानी साना किसान कृ स संस्था लि	प्रकाश महत्रा	स न पा ६	१०८००	१६२००		
नरपानी साना किसान कृ स संस्था लि	शिवकला झाक्री	स न पा ६	२९६००	४४४००		
अर्घा साना किसान सहकारी संस्था लि	अन्जना खनाल	स न पा १०	१८८००	२८२००	३२४००	
अर्घा साना किसान सहकारी संस्था लि	मुना सिंह ठकुरी	स न पा १०	१०८००	१६२००		
अर्घा साना किसान सहकारी संस्था लि	विष्णु वि क	स न पा १०	१०८००	१६२००		
खवेरी पशुपालन तथा कृषक समूह	मधु भट्टराई	स.न.पा-१०	६०५००	६०५००	१६२००	
खवेरी कृषक समुह	यमलाल भुसाल	स न पा १०	१०८००	१६२००		

जालकाँडा बोयर ब्रिड हर्ड सहकारी स.लि	गोपाल बस्याल	स.न.पा-११	४२५००	४२५००	१६२००	
जालकाडा कृषि सहकारी संस्था लिमिटेड	थानेश्वर आचार्य	स न पा ११	१०८००	१६२००		
सूर्योदय बहुउद्देश्यीय स स लि	केशव श्रेष्ठ	स न पा १२	१०८००	१६२००	१६२००	
सूर्योदय बहुउद्देश्यीय स स लि	बालकृष्ण श्रेष्ठ	स न पा १२	१०८००	१६२००		
जम्मा					**२२९६००**	

४४.२ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन।पालिकाले ५० प्रतिशत अनुदानमा कार्यालयको तर्फबाट रु.२२९६०० भुक्तानी गरी कृषि मेशिनेरी औजार तथा यन्त्र उपकरणमा उपलब्ध गराएको छ। त्यस्तै ४० प्रतिशत अनुदानमा कार्यालयको तर्फबाट रु.९२०४०० भुक्तानी गरी कम्वाइन ३० थान, मिनि टिलर१४ थान र कर्न सेलर ६ थान कृषक तथा कृषि समुदायलाई उपकरण प्रयोग सम्बन्धमा अनुगमन गरेको देखिएन।अनुगमन विना कृषी उपकरण तथा औजारको उपयोगको अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा समेत दोहोरोपना नभएको आश्वश्थता हुन नसकिने भएकोले अनुदान वितरण र सो को प्रयोगलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

४५ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ ।यस कार्यक्रम अन्तर्गत पालिकाले १२ वटा वडामा २४ योजना सञ्चालन गरी २०९९ सुचिकृत बेरोजगार मध्ये यस वर्ष ८६ जनालाई औसत १०० दिनले ८,६०० दिन रोजगारी उपलव्ध गराई रु.५७,३३,४४४/- श्रमिक ज्याला भुक्तनी गरेको छ ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन।योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

४६ लघुउद्यम विकास कार्यक्रम

अनुगमन मूल्याङ्कन– लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४ मा प्रतिस्पर्धामा छनौंट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम अन्तरगत समूह/फर्म छनौंट गरी गरीवी निवारण एवं विपन्न वर्गको आय आर्जनमा टेवा पुरयाउने उद्वेश्यले कार्यक्रम सञ्चालन गर्न सक्ने व्यबस्था रहेको छ ।पालिकाले सबै जसो वडामा नयाँ लघु उद्यमी सिर्जना गरी गरीवी निवारण गर्नका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत सिलाई कटाइ तालिम सञ्चालन गरेको छ । सञ्चालित तालिमबाट के कस्तो उपलब्धी हासिल भयो सो सम्बन्धमा गाउँपालिकाबाट अनुगमन भएको पाइएन ।गरीवी निवारण गरी नयाँ लघु उद्यमी सिर्जना गर्नको लागि सञ्चालित तालिमबाट हासिल भएको सीपलाई व्यवहारमा कार्यन्वयन गरी दिगो रुपमा लघु उद्यम विकासको लागि निरन्तर रुपमा अनुगमन मूल्याङ्कन गरी कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्दछ।

४७ **सामाजिक सुरक्षा तर्फ**

४७.१ निष्कृय खाताको विवरण

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले लाभग्राहीका खाताहरु मध्ये निष्कृय खाताको विवरण (एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राही को विवरण) सम्बन्धित स्थानिय तहलाई दिनु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणमा भएको कुल खर्च मध्ये २०८० को असार मसान्तसम्म पार्किङ एकाउन्टमा रहेको ग्लोबल आई एम ई को रु १९२१३३ एन आई सि एसियाको रु ८२१५ र एन एम बि को रु १५०७९ गरि कुल र २१५४२७ बेरुजु खातामा दाखिला भएको छ।

४७.२ पारदर्शिता कायम गर्नु पर्ने

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ मा २) स्थानीय तहले भुक्तानी गरेको रकम बुझी लिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नु पर्ने, उपदफा ३ मा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ।पालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली आफ्नो वेभसाइटमा राख्नु पर्नेमा राखेको छैन् । सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रक्रियालाई पारदर्शि बनाउन नगरपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली आफ्नो वेभसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

४८ **मोबिलाईजेशन पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाको देहायबमोजिम गत वर्ष दिएको पेश्की रु. ३७,२९,००० तथा चालु आ.व. मा दिएको पेश्की रु. १,३४,६६,००० गरी कूल रु. १,७१,९५,००० पेश्की फर्स्यौट हुन बाँकी रहेको देखिन्छ । गत वर्षसम्मको पेश्की यस आ.व. मा जिम्मेवारी सारेको मध्ये म्याद नाघेको पेश्की रु. १०,९०,००० रहेको देखिन्छ । सोमध्ये व्यक्तिगत पेश्की रु. ६४३००० यस वर्षमा पनि फर्स्यौट नभएकोले उक्त पेश्की नियमानुसार असुल गरी फर्स्यौट गर्नुपर्दछ । विद्यालय भौतिक पुर्वाधार निर्माणतर्फको शहिद निर्माण सेवालाई दिएको पेश्की रु. ४४७००० फर्स्यौट नभइ यस वर्ष म्याद नाघेको र चालु आ.व. मा दिएको म्याद नाघेको पेश्की रु. २,६६,००० गरी कूल रु. ७१३००० आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ ।

पेश्की विवरण	पेश्की लिने ब्यक्ती , फर्म वा कम्पनीको नाम	गत आ. व.सम्मको		चालु आ. व.	
		म्याद ननाघेको	म्याद नाघेको	म्याद ननाघेको	म्याद नाघेको
रिठेखोला माझहटिया जरेखोला ग्रामिण सडक स्तरोन्नती	नयाँ नेपाल निर्माण सेवा उद्योग	३१५०९			
ऐतिहासिक चौविसे राज्य अन्तर्गतको खाँची दरबार पुन निर्माण तथा पहुँचमार्ग निर्माण	रिमार्केवल बिल्डर्स प्राइभेट लिमिटेड	१६१५००			
ऐतिहासिक चौविसे राज्य अन्तर्गतको खाँची दरवार पुन. निर्माण तथा पहुँचमार्ग निर्माण वडा नं. ७	रिमार्केवल बिल्डर्स प्राइभेट लिमिटेड	२४७७५००			
विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	शहिद निर्माण सेवा		४४७०००		
सहिद सरला मार्ग ग्रामिण सडक स्तरउन्नती वडा नं. ३	शहिद निर्माण सेवा	१२३२०००			
सुपादेउराली मन्दिर परिसर ज्येष्ठ नागरिक अवासगृह तथा धर्मशाला निर्माण	शाब्दिक इन्जिनियरिङ एण्ड कन्ट्रकसन प्रा. लि.	१११३६००			
सुपादेउराली मन्दिर परिसर ज्येष्ठ नागरिक आवासगृह तथा धर्मशाला निर्माण वडा नं. ७	शाब्दिक इन्जिनियरिङ एण्ड कन्ट्रकसन प्रा. लि.	१०५००००			
भगवती आधारभूत विद्यालय भवन निर्माण सनपा ९	के.सी.-प्रतिक्षा-श्रृजना जे.भी.	६१४०००			
सन्धिखर्क नगरपालिका अन्तर्गतका वडा नं. ५, ६ , ७ , ८ र १२को प्रशासकीय भवन निर्माण आयोजना	वि.एन.एस./ एन.एन.एन.एस.जे.भी.			३७१३५००	
सन्धिखर्क नगरपालिका अन्तर्गतका वडा नं. ५, ६ , ७ , ८ र १२को प्रशासकीय भवन निर्माण आयोजना	वि.एन.एस.।एन.एन.एन.एस. जे भी			४९५००००	
सन्धिखर्क नगरपालिका अन्तर्गतका वडा नं. ५, ६ , ७ , ८ र १२को प्रशासकीय भवन निर्माण आयोजना	वि.एन.एस./ एन.एन.एन.एस.जे.भी.			४५३६५००	
गत बिगत आ.ब. को पेश्की	अमरदिन मियाँ		२५०००		
गत बिगत आ.ब. को पेश्की	प्रदिप कुमार थापा –साविक नरपानी गाविस		२९००००		
गत बिगत आ.ब. को पेश्की	पिताम्बर खासू-साविक नरपानी गाविस		८००००		
गत बिगत आ.ब. को पेश्की	पिताम्बर रायमाझी		४००००		
सूचनाको हक प्रवर्द्धन	मुक्तिनाथ भुसाल		१४८०००		
गत बिगत आ.ब. को पेश्की	मोहन विक्रम के.सी.-साविक नरपानी गाविस		६००००		
	जम्मा	२६३९०००	१०९००००	१३२०००००	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **७५,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१४१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	४,४७,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सन्धिखर्क नगरपालिका, अर्घाखाँची , सन्धिखर्क नगरपालिका , अर्घाखाँची

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	खिमानन्द भुसाल	२०८१-६-१३	हाल सम्म कार्यरत
लेखा प्रमुख	नवराज गौतम	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,७३७,६२४	२०३,९८५	१५,००८,७७३	०	०	७१३,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१९,६६३,३८२
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					३८४,३४५
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१९,२७९,०३७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६३०८८६५६.७८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	६२१९८५७२६.६६	चालु खर्च	४८३३७०५६२
प्रदेश सरकारबाट अनुदान	४३७२७३६३	पूँजीगत खर्च	३३९२५४००१
राजश्व बाँडफाँट	११९९५०१००	वित्तीय/अन्य व्यवस्था	२३५६५५८३४.८७
आन्तरिक आय	३४९७८२५२		
अन्य आय	२४४२७७४३३		
कुल आय	१०६४९१८८७४.६६	कुल खर्च	१०५८२८०३९७.८७
बाँकी मौज्दात		६९७२७१३३.५७	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्योट नगरुञ्जेल बृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- शीतभण्डार निर्माण सम्पन्न हुन सकेको देखिएन निर्माण सम्पन्न गरी सञ्चालन गर्नुपर्दछ साथै स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नहुँदा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी हुन नसक्ने हुँदा आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनुपर्दछ।